जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २५ •अंक १६५ • २०७९ साल कार्तिक २४ गते बिहीबार (10 November, Thursday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-



# धनुषा-४ मा परिवर्तनको संकेत

## कांग्रेसका यादवलाई टक्कर दिँदै एमालेका महासेठ, प्रदेशमा फरक अवस्था

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभाको चुनावका लागि धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ मा सत्तारुढ गठबन्धन कायम रहे पनि एमाले जसपा गठबन्धन हुन सकेको छैन् । एमालेबाट रघुवीर महासेठ र जनता समाजवादी पार्टी (जसपा) बाट महाजन यादवले उम्मेदवारी दिएका छन् ।

जसपाका उम्मेदवार महाजन यादवले आफू विरुद्ध भोट काट्नका लागि मात्र उम्मेदवारी दिएको प्रचार भएको जनाउँदै सामाजिक सञ्जालमा पीडा पोख्ने गरेका छन् । ३० वर्षदेखि आफ्नो परिवारबाट हरेक चुनावमा उम्मेदवारी दिने गरिएको बताउँदै यादवले त्यसलाई निरन्तरता दिएको बताउने गरेका छन् । यादवले दाबी गरे बमोजिम उम्मेदवारी परे पनि जितेको साल भने उल्लेख गर्दैनन् ।

सरकारी प्राविधिक सेवाबाट अवकाश प्राप्त गरेको ६ वर्षमै उनी दोस्रो पटक सो क्षेत्रमा उम्मेदवार भएका छन् । जसपाको छाता छापबाट चुनाव लडेका यादवले हारको तीन दशक लामो क्रम भंग गर्ने अवस्थामा यसपटक नरहेको स्थानीय मतदाताहरु बताउँछन् ।

उम्मेदवारी दर्ताको दिन जसपाको निर्वाचन क्षेत्र नम्बर ४ को क्षेत्रीय समिति, प्रदेश 'क' को प्रदेश कमिटी, पालिका र अधिकांश वडा कमिटी नेपाली कांग्रेसमा विलय भइसकेकाले संगठनात्मक रुपमा जसपा कमजोर भएको सो पार्टीका नेताहरुले स्वीकार्ने गरेका छन् । तर चुनाव जित्ने निश्चित रहेको जसपा जनकपुरधाम उपमहानगरपालिकाका अध्यक्ष विष्णुदेव साहको दाबी छ ।

जसपाबाट प्रतिनिधिसभाका उम्मेदवार यादवलाई आफ्नै संगठनबाट पूर्ण सहयोग प्राप्त नभएको गुनासो पनि छ । उनको घर भएको लक्ष्मीनियाँ गाउँपालिकामा जसपाबाट अध्यक्ष पदका उम्मेदवार डा. शत्रुधन यादव कांग्रेसमा प्रवेश गरिसकेका छन् । निवर्तमान अध्यक्ष विन्देश्वर यादव कांग्रेसमा र उपाध्यक्ष इन्द्रकला यादव एमालेमा प्रवेश गरिसकेकी छन् ।

२०७४ सालको चुनावमा उनको तेस्रो स्थान थियो । सो क्षेत्रबाट निवर्तमान सांसद रहेका महासेठ एमालेबाट नै यसबाट जित हासिल गर्ने कसरत गरिरहेका छन् । २०७४ सालमा माओवादी केन्द्र र एकीकृत एमालेसमेत रहेको बेला महासेठले कांग्रेसका उम्मेदवार महेन्द्र यादवलाई पराजित गरेका थिए ।

तर यस पटकको गणित फरक छ । माओवादी केन्द्र, विभाजित एमालेको नेकपा एस कांग्रेसको गठबन्धनमा रहेका छन् । एमालेले जितेका पालिकाहरुमा कांग्रेसले स्थानीय तहमा जित हासिल गरेको अवस्था छ । त्यसकारण एमालेका उम्मेदवार महासेठका लागि जित सहज छैन् ।

कांग्रेसका महेन्द्र यादव र एमालेका महासेठबीच सोझो प्रतिस्पर्धा रहेको स्थानीय मतदाताहरु बताउँछन् । लक्ष्मीनियाँ गाउँपालिकाका नवलकिशोर यादवले चुनावमा जितको अहिले नै निष्कर्ष निकाल्न हतार हुने बताउँछन् । 'क्षेत्र र प्रदेशका मतदाताहरु परिवर्तनको पक्षमा रहेका छन्' उनले भने, चुनावको परिणामपछि नयाँ अनुहार नेतृत्वमा देखिदा आश्चर्य हुने छैन् ।

स्थानीय तहको चुनावको मतपरिणाम अन्य सबै दलको भन्दा बढी रहेको दाबी गर्दै लक्ष्मीनियाँ गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्रले भने, कांग्रेसमा जसपा, एमाले लगायतका दलहरुबाट भारी संख्यामा नेता, कार्यकर्ता र समर्थकहरु प्रवेश गरेकाले कांग्रेसका उम्मेदवारहरुको प्रतिस्पर्धा नै छैन् ।

प्रतिनिधि र प्रदेश दुबैमा कांग्रेसले एकतर्फी जित हासिल गर्ने बताउँदै अध्यक्ष मिश्रले चुनाव प्रचारमै पनि धेरै अगाडि रहेको बताए ।

प्रदेश 'क' मा त्रिपक्षीय प्रतिस्पर्धा देखिएको छ । जसपा प्रदेश कमिटीका उपाध्यक्ष शेषनारायण यादव कांग्रेसको टिकटमा प्रदेश सभाको चुनाव लडिरहेका छन् । स्थानीय तहमा स्वतन्त्र उम्मेदवारलाई सघाएको आरोप लागेका ज्ञानेन्द्र यादव जसपाको टिकट फेरि पाएका छन् । कांग्रेसमा धनुषाको सभापतिमा पराजित भएका सन्तोष यादव एमालेबाट प्रदेश चुनावमा प्रतिस्पर्धा गरिरहेका छन् ।

समग्रमा कांग्रेसको संगठनात्मक संरचना बलियो छ । तर कांग्रेस छाडेका सन्तोष र जसपा छाडेका शेषनारायणले दाबी गरे जस्तै ज्ञानको पनि दाबी छ । ज्ञानेन्द्र यादव निवर्तमान प्रदेश सभासद हुन् ।

प्रदेश 'क' मा प्रतिस्पर्धी उम्मेदवारहरु मध्ये शेषनारायण यादव र ज्ञानेन्द्र यादव मधेश आन्दोलनमासँगै रहे पनि संगठनात्मक संचरनामा अलग-अलग गुटमा रहने गरेका थिए । दुबै सहयात्री भए पनि चुनावम प्रतिस्पर्धी बनेका छन् । एमालेका सन्तोष यादव समेत तिनै उम्मेदवार एउटै समुदायका भएकाले प्रतिस्पर्धा रोचक हुनेमा धेरैको विश्वास छ । तर कांग्रेसका नेता मो. इब्राहिम राईनलाई त्यसमा विश्वास छैन् । कांग्रेसका उम्मेदवार धेरै मतान्तरले जित्ने उनको तर्क छ ।

क्षेत्र नम्बर ४ को 'ख' बाट नेकपा एसका उम्मेदवार रहेका मधेश प्रदेशको वन मन्त्री शत्रुधन महतो प्रतिस्पर्धी एमालेका हरिनारायण महतोबाट अग्रता लिएका छन् । प्रदेश 'ख' मा एसका महतो र एमालेका महतोबीच नै मुख्य प्रतिस्पर्धा रहेको छ । एमालेमा दुबै जनासँगै रहे पनि गुट भने फरक थियो । स्थानीय चुनावमा हरिनारायण महतोले आधिकारिक उम्मेदवारलाई सहयोग नगरेको आरोपमा कारबाहीमा परेका थिए । तर प्रतिनिधिसभाका एमाले उम्मेदवार महासेठले प्रदेश 'ख' मा मतको सन्तुलन मिलाउन हरिनारायण महतोलाई अन्तिम समयमा टिकट दिएको बताइन्छ ।



भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा
CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।
विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)
फाराम भर्ने अन्तिम मिति २०७९ कार्तिक २७ गते सम्म
विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हा स्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851






# ३४ हजार मत ल्याउने ढकालको दाबी

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल परिवार दलका केन्द्रीय अध्यक्ष एकनाथ ढकालले मधेश प्रदेशमा ३४ हजार भन्दा बढी मत ल्याउने दाबी गरेका छन् ।

बुधबार पत्रकार सम्मेलन गरी सो कुरा बताएका हुन् । उनको पार्टी आसन्न निर्वाचनमा नेकपा एमालेको सूर्य चुनाव चिह्न लिइ निर्वाचनमा होमिएका छन् ।

पूर्व मन्त्री एवं संविधानसभा सदस्यसमेत रहेका ढकालको नाम सामानुपातिक बन्द सूचीमा समावेश छन् । उनले आफ्नो १५ बुंदे प्रतिबद्धता सार्वजनिक गरेका छन् । संविधान कार्यान्वयनदेखि



अन्तर्राष्ट्रिय सम्बन्ध सुधारसम्मको प्रतिबद्धता गरेका छन् ।

असल परिवार र नैतिकवान समाज निर्माणमा जोड दिने उनको प्रतिबद्धतापत्रमा उल्लेख छ । विकास र लगानीको वातावरण सिर्जना गर्ने, भ्रष्टाचार निवारण गर्ने र रोजगारीको अवसर सिर्जना गर्ने उनको भनाइ छ । सामाजिक सुरक्षा र उत्पीडित समुदायको उत्थानको लागि आफूलाई मतदान गर्न उनले अनुरोध गरेका छन् ।

# लाखौंको चिनी र डिएपी मल बरामद

**टुडे समाचारदाता**

रौतहट । रौतहट प्रहरीले लाखौं मूल्य बराबरको अवैध चिनी र डिएपी रासायनिक मल बरामद गरेको छ ।

भारतबाट अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी नेपाल तर्फ ल्याइरहेको अवस्थामा जिल्लाको इशनाथ नगरपालिका वडा नं ४ गौर र प्रहरी चौकी मठियाबाट संयुक्त रुपमा खटिएको प्रहरी गस्ती टोलीले ६ लाख ९८ हजार मूल्य बराबरको १ सय ५९ बोरा चिनी र २५ बोरा डिएपी रासायनिक मल बरामद गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए ।

बेवारिसे अवस्थामा बरामद



सानो लतमरीबाट उक्त चिनी र डिएपी बरामद गरिएको प्रहरीले जनाएको छ ।

बुधवार दिउँसो २ बजेको समयमा जिल्ला प्रहरी कार्यालय गरिएको उक्त अवैध चिनी र डिएपी मल जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको डिएसपी मल्लले जानकारी दिए ।

# तीन उम्मेदवार विरुद्ध उजुरी

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाका तीन जना उम्मेदवार विरुद्ध उजुरी परेको छ । बुधबार मुख्य निर्वाचन अधिकृतको कार्यालयमा धनुषा निर्वाचन क्षेत्र नम्बर ३ का उम्मेदवार विरुद्ध उजुरी परेको हो ।

प्रतिनिधिसभाको लागि नेपाली कांग्रेसका समानुपातिकतर्फका उम्मेदवार विमलेन्द्र निधि, पाँच दलीय गठबन्धनका उम्मेदवार अनिल झा र प्रदेशसभा सदस्य पदको 'ख'मा उम्मेदवार रहेका परमेश्वर साह विरुद्ध उजुरी परेको छ ।

उनीहरुको उम्मेदवारी खारेजको माग गर्दै जनकपुरधाम उपमहानगरपालिका ४ का चन्द्रमोहन चौधरीले उजुरी गरेको बुधबार पत्रकार सम्मेलन गरी जानकारी दिएका छन् ।



गत आइतबार जनकपुरधामस्थित विद्यापति चोकमा सम्पन्न विद्यापति स्मारक पर्वमा प्रमुख अतिथिको रूपमा कांग्रेस नेता निधि, विशिष्ट अतिथि प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार झा र ३ (ख)का प्रदेशसभा सदस्य पदका उम्मेदवार साह सहभागी थिए । उनीहरूले निर्वाचनको बेलामा सम्मान गरेर कार्यक्रममा बोलाउँदा पार्टीको नारा लगाएर आचारसंहिता उल्लंघन गरेको चन्द्रमोहनले दाबी गरेका छन् ।

विद्यापति स्मारक पर्वका संरक्षक भनिएका चन्द्रमोहनले तीनै उम्मेदवारहरुले आफू स्वतन्त्र भए पनि आफ्नो तस्विर लिएर सञ्जालमा शेयर गरी आफ्नो चरित्र हत्या गरेको गुनासो गरेका छन् ।

चौधरीले सो कार्यक्रम राजनीतिक उद्देश्य अथवा प्रचारप्रसार गर्ने उद्देश्यले नभएको बताए । तर कार्यक्रममा आफूलाई समितिको पूर्वसंयोजकको हैसियतले आमन्त्रण गरी तस्विर र भिडियो बनाएर आफ्नो पार्टी र गठबन्धनको प्रचारप्रसारमा प्रयोग गरेको बताएका छन् ।

# 'उचाई' प्रदर्शन हुँदै

काठमाण्डु । गत वर्ष कोरोना भाइरसको महामारी र ओभर दी टप (ओटिटी) को बढ्दो प्रयोगले पुनः दर्शक हलमा फर्किने हुन् वा होइनन् भन्ने बहसकै बीच नेपालमा छायाङ्कन हुन् आएको भारतीय फिल्म 'उचाई' ले नेपाली पर्यटनलाई प्रवर्द्धधनमा सहयोग गर्ने भएको छ । अमिताभ बच्चन, अनुपम खेर, बोमन इरानी र डेनी डेन्जोङ्पा, परीनिती चोपडा, नीना गुप्ता, सारिका हसन जस्ता दिग्गज कलाकारहरूको अभिनय रहेको फिल्म 'उचाई' आउँदो शुक्रबारदेखि प्रदर्शन हुँदैछ ।

नेपालकै पात्रलाई मूलकथा बनाइएको फिल्म छायाङ्कन गर्न दुई सयको हाराहारीमा प्राविधिक भारतबाट आएका थिए । त्यसमा नेपाली प्राविधिक तथा कलाकारले समेत सहभागी भएर काम गरे । बलिउडमा स्थापनाको ७५औं वर्ष पूरा गरेको राजश्री प्रोडक्सनको निर्माण रहेको फिल्मलाई सुरज बडजात्याले निर्देशन गर्नुभएको छ । नेपालमा स्वयम्भू, काठमाडौं विमानस्थल, लुक्ला, नाम्चे, मनाङमा झन्डै एक महिना छायाङ्कन भएको थियो । नेपालमा लाइन प्रोड्युसर सुरज आचार्यको कम्पनि श्री ह्विवलर्सले र प्रोडक्सन कोर्डिनेटर अरुण रेग्मीले व्यवस्थापन गर्नुभएको थियो ।

"उहाँहरूसँग काम गर्दा नेपाली प्राविधिकले समेत सिक्न पाएँ । उहाँहरूको काम गर्ने शैली परिपक्व छ", प्रोडक्सन कोर्डिनेटर रेग्मीले भन्नुभयो, "दिग्गज कलाकारहरूको कामप्रतिको सरलता र मानवीय स्वभावले हामीलाई काम गर्न ऊर्जा प्रदान गर्थ्यो । निर्देशकले नेपाली दृश्य खिच्नलाई कुनै सम्झौता गर्नुभएन ।" छायाङ्कन टोलीमा भारतीय टोलीमा एक सय ५५ जना सदस्य र नेपालीतर्फ कलाकारबाहेक छायाङ्कनमा ३० देखि ३५ जना नेपाली प्राविधिक खटिरहे । टोलीका लागि ६०/६५ गाडीको प्रयोग चौबिसै घण्टा रहन्थ्यो । लाइन प्रोड्युसर आचार्यका अनुसार छायाङ्कनको दौरान लगभग तीन सयको हाराहारीमा हेलिकप्टर उडान गरिएको थियो । "हामीले फाप्लो-लुक्ला, लुक्ला-नाम्चे, नाम्चे-एबिसी, कालापत्थर, कालापत्थर-काठमाडौं, काठमाडौं-मनाङको यात्रा हेलीबाटै गरेका थियौँ", उहाँले भन्नुभयो ।

उचाईको छायाङ्कन भएपश्चात् केही सिरिज तथा फिल्महरू नेपालमा छायाङ्कन हुन् आएका छन् । "सरकारका तर्फबाट केही सेवासुविधा पाए छायाङ्कनमा आउने सङ्ख्या बढ्छ जस्तो लाग्छ । कानुनी अड्चनसँगै विविध समस्याहरू छन् । यद्यपि, उचाई प्रदर्शन भएपछि अन्य प्रोडक्सन हाउसलाई नेपालले लोभ्याउनेमा विश्वत छु", प्रोडक्सन कोर्डिनेटर रेग्मीले भन्नुभयो । डेनी डेन्जोङ्पा सोलुखुम्बुवासीको भूमिकामा हुनुहुन्छ । उहाँले आफ्ना बुढ्यौलीको साथीहरू अमिताभ, अनुपम र बोमनलाई नेपाल ल्याउने प्रयास गरेता पनि त्यो सफल हुँदैन ।

डेन्जोङ्पाको निधनपश्चात् उहाँको अस्तुलाई नेपालमा विसर्जन गर्ने अठोट लिएर बाँकी तीन नेपाल आउने कथा फिल्ममा छ । नेपाली गाइड परिणिती चोपडाले उहाँहरूलाई हिमाल पुऱ्याउने र घुमाउने भूमिका निर्वाह गर्नुभएको छ । यात्रामा यी तीन साथीहरू आउने आरोह अवरोह नै मूल कथा हो ।रासस

# नाष्टद्वारा विभिन्न वैज्ञानिक तथा अनुसन्धानकर्ता पुरस्कृत

काठमाण्डु । विज्ञान र प्रविधिको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याउने विभिन्न वैज्ञानिक तथा अनुसन्धानकर्तालाई वुधवार पुरस्कृत एवं सम्मानित गरिएको छ । देशको विकास र जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन विज्ञान तथा प्रविधिलाई पूर्णरूपमा सदुपयोग गरी औद्योगिक, सामाजिक क्षेत्रको प्रगतिका लागि वैज्ञानिक खोज र अनुसन्धानलाई प्रोत्साहित गर्ने उद्देश्यले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) ले २०७८ सालको विभिन्न पुरस्कार वुधवार आयोजित कार्यक्रममा वितरण गरेको हो ।

सो अवसरमा कुलपति राष्ट्रिय नव-प्रर्वतन पुरस्कार नेपाल कृषि अनुसन्धान परिषद् विज्ञान पुरस्कार डा कोमलराज रिजाल, प्रविधि पुरस्कार प्रा डा सुदर्शनराज तिवारी, विज्ञान तथा प्रविधि युवा पुरस्कार क्रमशः डा लक्ष्मीकुमार पराजुली, डा नीरज्जन कोइराला, डा प्रदीपकुमार पौड्याल, डा रक्षा डङ्गोल, डा अनु भट्टराई, दयानन्द बज्राचार्य अनुसन्धान पुरस्कार सायरा विष्ट र सुरेन्द्रकुमार सुवेदी तथा महिला विज्ञान तथा प्रविधि पुरस्कार डा बबिता पौडेललाई प्रदान गरियो ।

त्यसैगरी प्रज्ञा-प्रतिष्ठान विज्ञान तथा प्रविधि प्रवर्द्धन पुरस्कार क्रमशः प्रकाशचन्द्र अमात्य, कमल रानाभाट, विज्ञान तथा प्रविधि पत्रकारिता पुरस्कार छत्र कार्की, फणिन्द्रप्रसाद न्यौपाने अनुसन्धान पुरस्कार विष्णुप्रसाद कँडेल, मोहनध्वज बस्नेत प्रविधि प्रज्ञा पुरस्कार मेकानिकल इञ्जिनीयरिङ विभाग, काठमाडौं विश्वविद्यालय, जीतबहादुर नकर्मी धातु प्रविधि पुरस्कार थापा इञ्जिनीयरिङ इण्डस्ट्रिज प्रालि भुवनेश्वर प्रविधि पुरस्कार एरोविक्स कम्पनी प्रालि र काजी इन्द्र कटुवाल कृषि पुरस्कारबाट डा टेकप्रसाद गोतामे पुरस्कृत हुनुभएको छ ।

सो अवसरमा वैज्ञानिक तथा प्राविधिक क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याउनु भएका प्रा डा प्रेमनाथ मास्के, प्रा डा भद्रमान तुलाधर, डा सुशीला भट्टराई, डा केदार बुढाथोकी र बिमला मास्केलाई सम्मानित गरिएको थियो । पुरस्कार तथा सम्मान वितरण गर्दै नाष्टका उपकुलपति डा सुनिल बाबु श्रेष्ठले समाजका लागि विज्ञान भन्ने अभियानका साथ नाष्टले स्थापनाकालदेखि नै प्रविधिलाई सरल तथा सहज रूपमा नेपाली समाजमा स्थापित गर्दै आएको बताउनुभयो ।

उहाँले हाम्रोजस्तो विकासोन्मुख मुलुकमा विज्ञान र प्रविधिको विकास अपरिहार्य भएकाले सातवटै प्रदेशमा विशिष्टिकृत अनुसन्धान केन्द्र स्थापना गरी विज्ञानलाई गाउँस्तरसम्म पुऱ्याउन विभिन्न कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । सो अवसरमा उपकुलपति श्रेष्ठले बाली विज्ञान शव्दकोष सम्बन्धी पुस्तकको विमोचन पनि गर्नुभयो । कार्यक्रममा नाष्टका सचिव डा महेशकुमार अधिकारीले कोभिड महामारीका कारण अघिल्लो वर्षको पुरस्कार यसवर्ष वितरण गर्नुपरेको बताउनुभयो । नाष्टका प्रवर्द्धन तथा प्रचार महाशाखा प्रमुख लुना बज्र र मुख्य प्राविधिक दीनबन्धु पराजुलीले वैज्ञानिक तथा प्राविधिकको योगदानको बारेमा जानकारी गराउनुभयो ।

कार्यक्रममा प्रधानमन्त्री एवं नाष्टका कुलपति शेरबहादुर देउवा र शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलको शुभकामना मन्तव्य पनि पढेर सुनाइएको थियो ।रासस

# आचारसंहिता विपरीत गतिविधि नगर्न निर्वाचन कार्यालयको आग्रह

कास्की । आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन आचारसंहिता विपरीतका गतिविधि गरेका पाइएको छ ।

राजनीतिक दल र उम्मेदवारले निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारंहिता पूर्णपालना गर्ने प्रतिबद्धता जनाए पनि अनुगमनका क्रममा आचारसंहिता विपरीत प्रचारप्रसार गरेको पाइएको छ ।

प्रदेश निर्वाचन कार्यालय पोखराले जिल्लाका तीन वटै निर्वाचन क्षेत्रमा आचारसंहिता अनुगमन गर्दा आचारसंहिताको पालनामा दलहरू र उम्मेदवार गम्भिर नभएको प्रदेश निर्वाचन अधिकारी हुमनाथ पराजुलीले जानकारी दिनुभयो ।

उहाँका अनुसार विभिन्न राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचारप्रसारमा प्रयोग गरेको सवारी साधन सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा अनुमति नलिइकन प्रयोग गरेको, सवारी साधनमा ब्यानर, फ्लेक्स बोर्ड, लोगो, निर्वाचन चिन्हको स्टिकर तथा साउण्ड सिस्टम प्रयोग गरेको, पोल तथा सार्वजनिकस्थलमा फ्लेक्स बोर्ड राख्ने लगायतका आचारसंहिता विपरीतका गतिविधि पाइएको छ ।

पराजुलीले भन्नुभयो,"निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा कार्यान्वयनका लागि विभिन्न संयन्त्रमार्फत गहनरूपमा अनुगमन भइरहेको छ । आचारसंहिता उल्लङ्घन गर्ने राजनीतिक दल तथा उम्मेदवारलाई सो कार्य नगर्न प्रत्यक्ष कुराकानी र टेलिफोनबाट निर्देशन दिएका छौँ ।" निर्वाचन कार्यालयका अनुसार अर्को पटकका लागि सो कार्य नदोहोराउन, निर्वाचन आचारसंहिता पूर्ण पालना गर्न र आचारसंहिता विपरीत प्रयोग भएका सामग्री हटाउन राजनीतिक दल तथा उम्मेदवारलाई सजग गराएको छ ।

कार्यालयले आगामी दिनमा आचारसंहिता विपरीतका कार्य दोहोरिएमा प्रचारप्रसारमा प्रयोग भएका सवारीसाधन तथा अन्य सामग्री जफत गरी निर्वाचन आयोग ऐन २०७३, निर्वाचन ऐन २०७३ तथा प्रचलित निर्वाचन कानुन बमोजिम कारबाही हुने जनाएको छ ।

राजनीतिक दल तथा उम्मेदवारले प्रचारप्रसारमा प्रयोग गर्ने सवारी साधनको अनुमति सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट लिनसमेत आग्रह गरिएको छ । प्रतिनिधिसभाका तीन र प्रदेशसभाका छ निर्वाचन क्षेत्र रहेको कास्कीमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा छन् ।रासस

# जापानमा उच्च शिक्षाको अवसरका लागि संवाद

पोखरा । पोखरा विश्वविद्यालयले जापानमा उच्च शिक्षाको अवसर सम्बन्धमा नेपाल-जापान शैक्षिक संवाद कार्यक्रम आयोजना गरेको छ ।

दी युनिभर्सिटी अफ टोक्योको प्रमुख आयोजना र पोखरा विश्वविद्यालय एवम् मिडिया हेल्पलाइनको सहकार्यमा विश्वविद्यालयको प्राज्ञिक भवन लेखनाथमा आयोजित विद्यार्थीका लागि छात्रवृत्ति, शैक्षिक कार्यक्रम, अध्ययन वातावरण र रोजगारीका विभिन्न विषयमा प्रस्तुतीकरण गरिएको थियो ।

कार्यक्रममा पोखरा विश्वविद्यालयका उपकुलपति प्राडा प्रेमनारायण अर्यालले पोखरा विश्वविद्यालयले बजारको आवश्यकताअनुसार उत्पादन र रोजगारमुखी कार्यक्रम सञ्चालन गरेर देशको सामाजिक एवम् आर्थिक विकासमा महत्वपूर्ण टेवा पुऱ्याएको बताउनुभयो ।

उहाँले शिक्षाको गुणस्तर र नवीनताका लागि विश्वविद्यालयले अनुसन्धानमा जोड दिएको उल्लेख गर्दै विश्वका अन्य मुलुकसँगै जापान शैक्षिक अवसर र रोजगारीका लागि प्रमुख गन्तव्य रहेकाले त्यहाँ शैक्षिक एवम् अनुसन्धानात्मक गतिविधिमा सहकार्य गर्न यस्ता कार्यक्रम उपलब्धिमूलक हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपालका लागि जापानी राजदूत किकुता युताकाले भिडियो सन्देशमार्फत नेपाल र जापानको सम्बन्ध अभिवृद्धि गर्न यस किसिमको कार्यक्रम फलदायी हुने विचार व्यक्त गर्नुभयो ।

इन्टरनेसनल प्रोजेक्टस प्रमोसन ग्रुप, रिसर्च प्रमोसन डिपार्टमेन्ट, दी युनिभर्सिटी अफ टोक्योका सल्लाहकार काजिहिरो मोरीले पोखरा नेपालको अत्यन्त सुन्दर ठाउँ रहेको उल्लेख गर्दै विद्यार्थीको सुन्दर भविष्यका लागि पोखरा विश्वविद्यालयसँग सहकार्य गर्दै अगाडि बढ्न आफू इच्छुक रहेको बताउनुभयो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय पुल्चोक इन्जिनियरिङ क्याम्पसका प्राध्यापक पवन भट्टराई, रित्सुमेइकान एसियाप्यासिफिक युनिभर्सिटीका पूर्वनेपाली विद्यार्थी राशी महर्जन, नेपालस्थित जापानिज राजदूतावासका द्वितीय सचिव मायुको सातो, ग्लोबल एडमिसन अफिसका राई यिसिडा, टोक्यो युनिभर्सिटी अफ फरिन स्टडिजका साराश्री ढुङ्गाना, टोक्यो युनिभर्सिटी अफ फरिन स्टडिज एडमिसन सेन्टरका मिजुहो युनो, इन्टर नेसनल युनिभर्सिटी अफ जापानका राशी गुप्ता र क्योटो युनिभर्सिटी अफ एडभान्स साइन्सका कियोशी ताकेदाले प्रस्तुतीकरण गर्नुभयो ।

उहाँहरूले जापानको विश्वविद्यालय जीवन, अध्ययन अवसर, छात्रवृत्तिलगायत मानविकी तथा सामाजिकशास्त्र, इञ्जिनियरिङ, व्यवस्थापन विषयमा अध्ययन गर्न आवश्यक प्रक्रिया र चाहिने योग्यताका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो । सुन्दर र विकसित देशका रूपमा परिचित जापान नेपाली विद्यार्थीका लागि उच्च शिक्षासँगै आर्थिक उपार्जनको प्रमुख गन्तव्य रहेको छ । यहाँ विद्यार्थीलाई आइटी, इन्जिनियरिङ, होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिजम लगायतका विषयको माग बढी देखिएको र यी विषय अध्ययन गर्दा स्वदेशमा आएर पनि राम्ररी स्थापित हुन सकिने कार्यक्रममा जोड दिइयो ।

कार्यक्रममा दी युनिभर्सिटी अफ टोक्योका डा दीपेश खरेल, जगदीश खरेल, पोखरा विश्वविद्यालय अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रका कार्यकारी निर्देशक सहप्राडा उमेशसिंह यादव लगायतले जापानमा उच्च शिक्षा अध्ययनको अवस्था लगायतमा प्रकाश पार्नुभयो ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय । |
| बृष | : अवसर प्राप्त । |
| मिथुन | : पारिवाहिक सुख । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# आचारसंहिता विपरीतका झण्डा र ब्यानर हटाइयो

सप्तरी । राजनीतिक दलहरूले आचारसंहिता विपरीत सप्तरी क्षेत्र नं २ स्थित राजविराज नगरपालिका क्षेत्रमा राखेका झण्डा, तुल, ब्यानर, झण्डाका तोरण र पोष्टर हटाउन थालेको छ।

सहरको स्वरुप नै बिग्रने गरी आचारसंहिता विपरीत प्रचार सामग्री राखिएको उजुरी बढेपछि निर्वाचन अनुगमन टोलीले ती सामग्री हटाउन थालेको हो।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि चुनावी प्रचारको चरणमा प्रवेश गर्नासाथ उम्मेदवार हरूबीच प्रचार सामग्री झुन्ड्याउन होडबाजी भएको नागरिक समाजका अध्यक्ष थानसिंह भन्सालीले बताउनुभयो।

राजनीतिक दललाई आचारसंहिता विपरीतका झण्डा, ब्यानर हटाउन पटक पटक निर्देशन दिँदै सर्वदलीय बैठकमा लिखित प्रतिबद्धता गरेर नहटाएपछि अनुगमन टोलीले हटाउन थालेको सप्तरी जिल्ला अनुगमन टोली प्रमुख शरणहरि लुइँटेलले बताउनुभयो।

सप्तरीका प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापा, प्रहरी उपरीक्षक अविनारायण काफ्ले, अनुमगमन अधिकृत शरणहरि लुइँटेल, जिल्ला निर्वाचन अधिकारी रमेश जोशीलगायत प्रहरीले प्रचार सामग्री हटाउन थालेको हो।

निर्वाचन आचार संहिता २०७९ मा धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा सार्वजनिक संस्थाको भवन, स्मारक, पर्खाल, सडक, खम्बा वा संरचना लगायतका कुनै पनि सार्वजनिक स्थानमा पर्चा टाँस्न वा टाँग्न निषेध गरिएको छ।रासस

# निर्वाचन नजिकिएसँगै सुरक्षा निगरानी थप चुस्त

काठमाण्डु। आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन आउन अब ११ दिन बाँकी छ। निर्वाचनको मतदान गर्ने मिति नजिकिएसँगै सुरक्षा निगरानीलाई थप चुस्त पारिएको छ। यसपटक निर्वाचन सुरक्षामा झण्डै तीन लाख सुरक्षाकर्मीहरू परिचालित छन्।


तीन सुरक्षा निकायका एक लाख ८२ हजार सुरक्षा जनशक्तिका साथै एक लाख १५ हजार म्यादी प्रहरी परिचालित छन्। अहिले आवश्यकताका आधारमा धेरै सुरक्षाकर्मी निर्वाचन सुरक्षामा परिचालित भइसकेका गृह मन्त्रालयले जनाएको छ। मतदानस्थलको चुनौतीका आधारमा विश्लेषण गरेर निर्वाचन सुरक्षा चुस्त पारिएको गृह प्रवक्ता फणिन्द्रमणि पोखरेलले बताउनुभयो।

मन्त्रालयले एकीकृत सुरक्षा योजना बनाएर तीन सुरक्षा घेरा निर्माण गरी निर्वाचनको विशेष सुरक्षा योजना तयार पारेको छ। जसमा पहिलो घेरामा नेपाल प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी र तेस्रोमा नेपाली सेना तैनाथ हुनेछन्।आ-आफ्नो सुरक्षा निकायलाई प्राप्त जिम्मेवारी पूरा गर्न तीनवटै सुरक्षा निकाय सक्रिय छ। सुरक्षा निकाय तल्लीनसाथ लागेको छ।

निर्वाचन आयोगमा रहेको निर्वाचसम्बन्धी संयुक्त अपरेसन टोलीले समेत एकीकृत रूपमा काम गरिरहेको छ। त्यसका लागि नेपाल प्रहरीबाट एसएसपीको नेतृत्वमा नौजनाको समूह छ। सामाजिक सञ्जाल लगायतका विभिन्न क्षेत्रमा निगरानी गर्ने काम गरिरहेको छ।

"समग्रमा यसपालिको निर्वाचनको सुरक्षा योजना राम्रो र भरपर्दो छ, ढुक्कसँग मत दिने वातावरण छ", नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले भन्नुभयो।

उहाँका अनुसार यसपटक २८ साना समूहले चुनाव बहिष्कार गर्छौं भनेका छन्। ती समूहको सूक्ष्म निगरानी भइरहेको छ। "उनीहरूको समूह ठूलो छैन तर पनि त्यसको हामीले हरेक कोणबाट निगरानी गर्ने र उसका गतिविधिको सूक्ष्म विश्लेषण गरिरहेका छौँ", उहाँले भन्नुभयो।



**यस्तो छ नेपाल प्रहरीको तयारी**

चुनाव शान्तिपूर्ण रूपमा सम्पन्न गर्न कटिबद्ध रहेका नेपाल प्रहरीले जनाएको छ। ढुक्कसँग चुनावमा मत दिने वातावरण निर्माणमा नचुक्ने गरी सुरक्षा योजना बनाएको जनाइएको छ।

विगतमा सुरक्षाले नसमेटेको क्षेत्रमा समेत अहिले प्रहरी परिचालित छ। अस्थायी चौकी खडा गरेरै निगरानी बढाइएको छ। सबै आवश्यक क्षेत्रमा म्यादी प्रहरी पनि परिचालित छन्। अलिकति समस्या उम्मेदवार र दलका प्रतिनिधिबीचमा हुने विवादहरू नै रहेको प्रहरीको निष्कर्ष छ। विगत वैशाख ३० मा भएको स्थानीय तहको निर्वाचनमा त्यही भएको थियो। त्यसमा केही घटना भएको छ, त्यो कसरी भयो, सुरक्षा कहाँ चुक्यो, त्यसबाट पाठ लिएर अहिलेको सुरक्षा योजना बनाइएको प्रहरी प्रवक्ता राईले जानकारी दिनुभयो।

प्रदेशगत रूपमा भेटेर छलफल गर्ने र सुरक्षाकर्मीको मनोबल बढाउने काम नेपाल प्रहरीका उच्च अधिकारीहरूबाट भइरहेको तथा आवश्यक निर्देशन दिइएको पनि उहाँले बताउनुभयो। प्रवक्ता राईले भनुनभयो, "हरेक निर्वाचनमा जहिले पनि सुरक्षाको चुनौती हुन्छ नै, तर चुनाव बिथोलिने अवस्था हुन्न, द्वन्द्वकालमा त चुनाव भएको थियो अहिले त सबै राजनीतिक पार्टीहरू चुनाव गराउन एक मत हुनुहुन्छ भने योपटक सुरक्षा चुनौती छ भन्न मिल्दैन।"

नेपाल प्रहरी कहीँ कतै आकस्मिक घटना जहिले पनि हुनसक्छ भन्ने आङ्कलन गरेर त्यसको व्यवस्थापनका लागि नेपाल प्रहरी तयारीका साथ रहेको जनाइएको छ। अहिले आचारसंहिता पालनामा निर्वाचन आयोग आफैँ सात्रियताका साथ लागेकाले पनि थप सहज भएको प्रहरीको निष्कर्ष छ।

यसपटकको निर्वाचनमा नेपाल प्रहीतर्फ ७१ हजार ६ सय ९३ जनशक्ति खटाइएको छ। त्यसका साथै एक लाख १५ हजार म्यादी प्रहरी छन्। काठमाडौँबाट यही २५ गतेसम्ममा झन्डै १२ हजार थप मद्दत विभिन्न प्रदेशमा पुऱ्याइन लागिएको छ।

**दोस्रो घेराको सुरक्षामा सशस्त्र प्रहरी**

मङ्सिर ४ को निर्वाचनमा दोस्रो घेराको सुरक्षा पहरामा रहेको सशस्त्र प्रहरीले ३५ हजार जनशक्ति परिचालन गरेको जनाएको छ। आवश्यक जनशक्ति निर्वाचनमा खटिइसकेका छन् भने केही तयारी अवस्थामा रहेका सशस्त्र प्रहरी बल नेपालले जनाएको छ। निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय तथा मुख्य निर्वाचन अधिकृतको सुरक्षाको जिम्मा पनि सशस्त्र प्रहरीलाई छ। त्यसका साथै दोस्रो घेरामा रहेर सुरक्षा दिने जिम्मेवारी सशस्त्र प्रहरी बललाइ छ।

सशस्त्र प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक पुरुषोत्तम थापाले सशस्त्रको निर्वाचन सुरक्षा बेस स्थापना गरी सादा पोसाक र मोबाइल गस्तीहरू सुरु भइसकेको जानकारी दिनुभयो। सीमा क्षेत्रमा समेत आवश्यक निगरानी भइसकेको उहाँले बताउनुभयो। सुरक्षा चुनौतीका आधारमा मतदानस्थलको वर्गीकरण गरी त्यही अनुसारको सुरक्षा रणनीति बनाइएको पनि उहाँले जानकारी दिनुभयो।

**सेनाको यस्तो छ निर्वाचन सुरक्षा**

नेपाली सेनाले यसपटकको निर्वाचनमा कुल ७५ हजार जनशक्ति परिचालन गर्दैछ। त्यसमध्ये आवश्यकताका आधारमा परिचालन हुनेछन्। सबै जनशक्ति परिचालन हुने गरी तयारी अवस्थामा रहेको छ। विगतको अनुभवका आधारमा एकीकृत सुरक्षा योजना मुताबिक सेनालाई प्राप्त म्यान्डेडअनुसार सबै जिल्लामा सेनाले निगरानी थालेको छ। जेल, विमानस्थललगायत सशस्त्र प्रहरी र नेपाल प्रहरीले सुरक्षाको जिम्मा लिइरहेको ठाउँमा समेत सेनाले जिम्मा लिइसकेको पनि उहाँले बताउनुभयो।

त्यसका साथै मतपत्र छपाइ भण्डारण तथा ढुवानीसम्बन्धी सुरक्षाको जिम्मा सेनाको छ। सेना निर्वाचनको तेस्रो घेरामा रहने सुरक्षा दस्ता हो। त्यसका साथै हवाई निगरानी र बम डिस्पोजको आवश्यक सबै काम सेनाले गर्नुपर्ने भएकाले त्यसको तयारी पनि सबै प्रदेशमा गरिएको प्रवक्ता सिलवालले बताउनुभयो। यसअघि रहेको बेसले नभ्याउने ठाउँमा छुट्टै बस खडा गरेर निगरानी बढाएको पनि उहाँले जानकारी दनुभयो।रासस

# रौतहट क्षेत्र १ मा निर्वाचनको माहोल तात्दै

रौतहट। प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन नजिकिएसँगै रौतहट क्षेत्र नं १को माहोल तातेको छ।

सत्ता गठबन्धनका नेता एवं नेकपा (एकीकृत समाजवादीका) अध्यक्ष माधवकुमार नेपाल सोही क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा पदमा उम्मेदवार हुनुहुन्छ। सो क्षेत्रमा नेकपा (एमाले)का उम्मेदवार अजयकुमार गुप्ताले प्रतिस्पर्धा गर्दै हुनुहुन्छ। गौर नगरपालिकाका पूर्व प्रमुख गुप्ता केही महिना अगाडि मात्रै एमालेमा प्रवेश गर्नुभएको थियो।

२०७० सालको संविधान सभाको निर्वाचनमा नेपालले चुनाव जित्नुभएको थियो। २०७४ सालको स्थानीय तहको निर्वाचनमा गौर नगर प्रमुखमा गुप्ता निर्वाचित हुनुभएको थियो। रौतहटको क्षेत्र नं १ मा गौर, राजदेवी र माधवनारायण नगरपालिका सहित दुर्गा भगवती, यमुनामाई गाउँपालिका र गढिमाई नगरपालिकाका ६, ७ र ८ नम्बर वडा र गरुडा नगरपालिकाको १ नम्बर वडा पर्दछ।

नेकपा (एस) का वडाध्यक्षमा निर्वाचित र पराजित उमेदवारहरूले कूल १९ हजार ६ सय ९८ मत पाएका थिए। नेपाली कांग्रेसले कूल १६ हजार नौ सय ४४ मत पाएको छ। यहाँ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले १२ हजार दुई सय ६२ मत पाएको छ। नेकपा (माओवादी केन्द्र)ले आठ हजार एक सय ९१, एमाले सात हजार तीन सय ८५, जसपाले आठ हजार दुई सय ४१ र स्वतन्त्रसहित अन्य दलले तीन हजार एक सय ४३ मत प्राप्त गरेका थिए।

स्थानीय युवा नेता अमित ठाकुरले यस क्षेत्रमा चुनवी चहलपहल बढेको र उम्मेदवारहरू मतदातालाई आफ्नो पक्षमा आकर्षित गर्न तल्लीन रहेको बताउनुहुन्छ।

स्थानिय तहको चुनावमा व्यक्ति र नजिकैका पायकपर्ने व्यक्तिलाई दिने मत हो भने प्रतिनिधिसभाको निर्वाचनलाई समग्रमा हेरेर जनताले मतदिने उहाँको भनाइ छ।रासस

# आचारसंहिता र आयोगका निर्देशनको अवज्ञा गरिए सह्य नहुने प्रमुख आयुक्त थपलियाको चेतावनी

काठमाण्डु। प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहिता र आयोगका निर्देशनको अवज्ञा गर्ने दुस्साहस भएमा सह्य नहुने चेतावनी दिनुभएको छ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका सन्दर्भमा निर्वाचन आयोगले युवाहरूका सङ्घ संस्था र युवा प्रतिनिधिसँग वुधवार आयोजना गरेको छलफल कार्यक्रममा प्रमुख निर्वाचन उहाँले राजनीतिक दल, उम्मेदवार, सार्वजनिक निकाय र सम्बन्धित पक्षले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, भयरहितरूपमा सम्पन्न गराउन सघाउनुपर्ने भएकाले आचारसंहिताको उल्लघङ्न र निर्देशनको अवज्ञा भएमा उल्लङ्घनकर्तालाई महँगो पर्नसक्ने चेतावनी दिनुभएको हो। उहाँले केही स्थानीय तहले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न नसक्ने जानकारी गराएको सन्दर्भमा ती तहलाई कारवाही हुने स्पष्ट गर्नुभयो।

युवालाई सामाजिक सञ्जाल र अन्य माध्यमको उपयोग गरी निर्वाचनको सकारात्मक प्रचारप्रसार र मतदाता शिक्षा दिन आग्रह गर्दै उहाँले आचारसंहिताको उल्लघङ्न पाइएमा जुनसुकै माध्यमबाट उजुरी दिने सकिने अवगत गराउनुभयो। उहाँले निर्वाचनमा जित्नेभन्दा पराजित हुने उम्मेदवारको सङ्ख्या धेरै हुने भएकाले निर्वाचनपछिको राजनीतिक वातावरण धुमिल हुन नदिन र सौहार्दता कायमका लागि पनि युवाले सकारात्मक भूमिका खेल्न सक्ने उल्लेख गर्नुभयो।




प्रमुख आयुक्त थपलियाले मतदान केन्द्र सकेसम्म अपाङ्गता मैत्री बनाउन आग्रह गरिएको र त्यसतर्फ आयोग सचेत रहेको स्पष्ट गर्नुभयो। उहाँले भन्नुभयो, "मतदाताको विवेकको मत प्रयोग गराउन मतदान अधिकृत, राजनीतिक दलका प्रतिनिधि र स्वयंसेवकलाई आयोगले सुम्पिएको विश्वासमा कुठाराघात नहोस्, स्वच्छ, निष्पक्ष, स्वतन्त्र, भयरहित निर्वाचन गराउने लक्ष्यमा हामी सबैको सहयोग चाहन्छौं।"

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहिता र आयोगका निर्देशनको अवज्ञा गर्ने दुस्साहस भएमा सह्य नहुने चेतावनी दिनुभएको छ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका सन्दर्भमा निर्वाचन आयोगले युवाहरूका सङ्घ संस्था र युवा प्रतिनिधिसँग वुधवार आयोजना गरेको छलफल कार्यक्रममा प्रमुख निर्वाचन उहाँले राजनीतिक दल, उम्मेदवार, सार्वजनिक निकाय र सम्बन्धित पक्षले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, भयरहितरूपमा सम्पन्न गराउन सघाउनुपर्ने भएकाले आचारसंहिताको उल्लघङ्न र निर्देशनको अवज्ञा भएमा उल्लङ्घनकर्तालाई महँगो पर्नसक्ने चेतावनी दिनुभएको हो। उहाँले केही स्थानीय तहले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न नसक्ने जानकारी गराएको सन्दर्भमा ती तहलाई कारवाही हुने स्पष्ट गर्नुभयो।

युवालाई सामाजिक सञ्जाल र अन्य माध्यमको उपयोग गरी निर्वाचनको सकारात्मक प्रचारप्रसार र मतदाता शिक्षा दिन आग्रह गर्दै उहाँले आचारसंहिताको उल्लघङ्न पाइएमा जुनसुकै माध्यमबाट उजुरी दिने सकिने अवगत गराउनुभयो। उहाँले निर्वाचनमा जित्नेभन्दा पराजित हुने उम्मेदवारको सङ्ख्या धेरै हुने भएकाले निर्वाचनपछिको राजनीतिक वातावरण धुमिल हुन नदिन र सौहार्दता कायमका लागि पनि युवाले सकारात्मक भूमिका खेल्न सक्ने उल्लेख गर्नुभयो।

प्रमुख आयुक्त थपलियाले मतदान केन्द्र सकेसम्म अपाङ्गता मैत्री बनाउन आग्रह गरिएको र त्यसतर्फ आयोग सचेत रहेको स्पष्ट गर्नुभयो। उहाँले भन्नुभयो, "मतदाताको विवेकको मत प्रयोग गराउन मतदान अधिकृत, राजनीतिक दलका प्रतिनिधि र स्वयंसेवकलाई आयोगले सुम्पिएको विश्वासमा कुठाराघात नहोस्, स्वच्छ, निष्पक्ष, स्वतन्त्र, भयरहित निर्वाचन गराउने लक्ष्यमा हामी सबैको सहयोग चाहन्छौं।"रासस

# तीव्रगतिमा सवारी चलाए सचेतना कक्षा

काठमाण्डु। के तपाईंले काठमाण्डु उपत्यकामा तीव्र गतिमा सवारी साधन चलाउँदै हुनुहुन्छ? चलाउने भए होसियार! एक घण्टा ट्राफिक सचेतना कक्षा लिनुपर्ला। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले तीव्र गतिमा सवारीसाधन चलाउने चालकलाई आगामी मङ्सिर १५ गतेदेखि ट्राफिक सचेतना कक्षा सञ्चालन गर्ने भएको छ।

यसअघि मादकपदार्थ सेवन गरी सवारीसाधन चलाउने र लेन अनुशासन उलङ्घन गर्ने तथा सडक बत्तीको पालना नगर्ने चालकलाई ट्राफिक सचेतना कक्षा सञ्चालन गर्दै आएको कार्यालयले आगामी मङ्सिर १५ गतेदेखि तीव्र गतिमा सवारीसाधन चलाउने चालकलाई अनिवार्य कक्षा सञ्चालन गर्न लागेको हो।

कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले तीव्र गतिमा सवारी चलाउँदा दुर्घटना भई मानवीय क्षति भएको भन्दै दुर्घटनालाई न्यूनीकरण गर्नका लागि जरिवनासहित सचेतना कक्षाको व्यवस्था सुरु गर्न लागिएको जानकारी दिनुभयो।

उहाँका अनुसार आर्थिक वर्ष २०७८/७९ मा तीव्र गतिका कारण तीन हजार पाँच सय ४३ र चालु आवको तीन महिनामा तीव्र गतिका कारण छ सय ४९ दुर्घटना भएको छ। आव २०७८/७९ मा १८ हजार चार सय ४७ र चालु आवको तीन महिनामा आठ हजार पाँच सय ८४ तीव्र गतिमा चलाउने चालकलाई कारबाही गरे पनि सवारी चालकमा सचेतना कमी भएको भन्दै कक्षा सञ्चालन गर्न लागिएको प्रवक्ता भट्टले बताउनुभयो।रासस

## मध्यवर्तीका मतदाताको प्रश्न

# वन्यजन्तुको त्रास कहिलेसम्म ?

भरतपुर। आगामी मङ्सिर ४ गते हुने निर्वाचन नजिकिँदै जाँदा चितवन क्षेत्र नम्बर ३ का उम्मेदवारलाई घरदैलो गर्न र भोट माग्न भ्याइनभ्याइ छ। उम्मेदवारले मतदातालाई निर्वाचित भएपछि जनताका विविध समस्या समाधान गर्ने आश्वासन दिँदै आइरहेका छन्। भोट माग्दै हिँड्ने उम्मेदवारलाई चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका मतदाताले भने वन्यजन्तुका समस्या समाधान गरिदिन अनुरोध गरेका छन्।

मङ्गलबार भोट माग्दै भरतपुरका विभिन्न क्षेत्र पुग्नुभएका नेकपा (माओवादी केन्द्र)का उम्मेदवार डा भोजराज अधिकारी समक्ष नागरिकले स्थानीय समस्याबारे गुनासो गरे। गोब्रेनीका स्थानीय सीतामान तामाङले भन्नुभयो, "बँदेलले खेती खायो, गैँडा, चित्रीले पनि हैरान बनायो, तार लगाउनपर्छ, डा सावले पहल गरिदिनुहोला।" उहाँले नारायणी तटबन्धलाई कार्यान्वयन गरेर बाढीको समस्या समाधान गरिदिनसमेत आग्रह गर्नुभयो।

स्थानीय ज्योति रानाले निकुञ्जमा पक्की तारबार लगाउने कामलाई प्राथमिकतामा राख्न आग्रह गर्नुभयो। "गुनासो तपाईहरूलाई नै गर्ने हो", उहाँले भन्नुभयो, "जनतालाई अलि ध्यान दिन पर्‍यो।" अर्का स्थानीय प्रकाश खड्काले हरेक निर्वाचनमा आश्वासन पाएको तर काम नभएको गुनसो गर्नुभयो। "यसअघिका निर्वाचनमा पनि भोट माग्न आउनेले विभिन्न आश्वासन दिनुभएको थियो तर पाँच वर्षमा पनि कार्यान्वयन भएन", उहाँले भन्नुभयो।

गठबन्धनका तर्फबाट उम्मेदवार बन्नुभएका डा अधिकारीले जनताको आवश्यकताअनुसारकै काम गर्ने बताउनुभयो। उहाँले चितवनमा निकुञ्ज र सामुदायिक वन क्षेत्रबाट निस्कने जनावरले प्रत्येक वर्ष धनजनको क्षति गर्ने गरेको भन्दै त्यसको दीर्घकालीन समाधानका लागि निर्वाचित भएपछि काम गर्ने बताउनुभयो।

चितवनको माडी नगरपालिकामा घरदैलोका क्रममा स्वतन्त्र उम्मेदवारी दिनुभएका दिनेश कोइरालालाई पनि स्थानीयले वन्यजन्तुबाट हुने धनजनको क्षति कम गर्न के गर्न सक्नुहुन्छ भनेर प्रश्न गरे। जवाफमा कोइरालाले आफ्नो निर्वाचन क्षेत्रका सबै ठाउँमा पक्की वालसहितको तारबार लगाउने बताउनुभयो। माडीको धोवाहामा वन्यजन्तुले हरेक वर्ष बाली खाने गरेको स्थानीय राकेश चौधरीले कोइरालालाई गुनासो गर्नुभयो।

चितवन राष्ट्रिय निकुञ्जबाट निस्कने वन्यजन्तुले सबैभन्दा बढी धनजनको क्षति माडीभित्र नै गर्ने गरेको छ। निकुञ्जले घेरेको माडीका मतदाताको उम्मेदवारसँग पहिलो अपेक्षा नै वन्यजन्तुको त्रासबाट मुक्त हुन पाउँ भन्ने छ। चितवनको माडी वडा नम्बर १ र २ का विभिन्न क्षेत्रमा किसानले लगाएको धानबाली गैँडाले नष्ट गरिदिएको गुनासो सेरुवाकी किसान गीता महतोले प्रतिनिधिसभा सदस्यका उम्मेदवार विक्रम पाण्डेलाई घरदैलोका क्रममा गर्नुभयो।

उहाँले काट्ने तयारीमा रहेको धान गैँडाले नष्ट गरिदिएपछि यस वर्ष के खाने भन्ने चिन्ता थपिएको बताउनुभयो। उहाँले बर्सेनि निकुञ्जबाट आउने वन्यजन्तुका कारण बाली पूरै भित्र्याउन नपाइने गरेको गुनासो गर्नुभयो।रासस


धनुषाधाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा

क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट एम्बुलेन्स खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०७/२४

यस कार्यालयको आवश्यक पर्ने देहाय बमोजिमको एम्बुलेन्स खरिदको लागी सार्वजनिक खरिद ऐन २०६३(पहिलो शंसोधन,२०७३) को दफा ८ को उपदफा (१) क ८ तथा सार्वजनिक खरिद नियमावली २०६४(चौथो शंसोधन,२०७३) को नियम ३१ ख बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारीक बिक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलक सोपिङ्ग) बिधि बाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ख को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधन बिक्री गर्न चाहने उत्पादक तथा आधिकारीक बिक्रेताले आ आफनो उत्पादनको आधिकारीक स्पेशिफिकेशन गुणस्तर मुल्य र सुबिधा सहितको बिबरण (क्याटलक वा ब्रोसर) संलग्न राखी यो सुचना प्रकाशन भएको मितिले ७ सात दिन भित्र यस कार्यालयमा निबेदन दर्ता गर्न हुन सम्बन्धीत उत्पादक वा आधिकारीक बिक्रेताको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ।

आवश्यक सवारी साधनको विवरण

| S. N. | Description Of works (Types Of Vehicle) | Requirement (General Specification) | No. of vehicle |
|---|---|---|---|
| 1 | 4 WD Hard top Ambulance (DM/07/079-080) | Three door right hand four Wheel drive hard top suitable for driving in Nepal, 4 stoke,Water cooled Diesel engine, Developing rated power output not less than 45KW and torque should not be less than 110 N-M, at government RPM. Fully equipped with all assosories with power streeing. Emmission standard 2069 which is to be certified by department of transport management Nepal. Transmission manually shift at least five forward and one reverse, minimum ground clearance 160 mm, Standard color, All basic life support equipment type B as priscribed by ambulance service guidelines 2078, heavy duty with toe hookin frot and rear preffered chasis and frame minimum one year warranty after acceptance. | 1 (One) |



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अनपेक्षित ब्याज दर

देशमा आर्थिक तरलताको अभाव भइरहेको बेला हुन लागेको चुनावमा असीमित खर्च भइरहेको छ। बैंकहरुले ऋण प्रवाहमा कडाई गरेका छन् । बैंकमा तरलता अभाव देखाउँदै ब्याजको दरलाई चर्को बनाइएको छ । बैंकबाट कारोबार गर्ने उद्योगी व्यवसायीहरुले एक वर्ष पूर्व लिएको ऋणको ब्याज दर अहिले झण्डै दोब्बर भएको छ। बजारमा महँगी अनियन्त्रित रुपमा बढिरहेको छ। त्यसलाई नियन्त्रणको प्रयास सरकारले गरेको छैन् । तर बजारमा महँगी बढनुको प्रमुख कारण बैंकहरुले चर्को बनाएको ब्याजदर नै हो । देशमा अपेक्षाकृत व्यवसाय भइरहेको छैन् । उद्योगी व्यवसायीहरु मारमा छन् । कयौं व्यवसायीहरुले मासिक आम्दानीबाट घर भाडा, बिजुली, कर्मचारीको तलब सुविधा र बैंकको किस्ता ब्याज तिर्न सकिरहेका छैनन् । बैंकले ब्याज दर बढाउनु पर्ने उपयुक्त कारण दिइरहेका छैनन् । बैंकको वार्षिक मुनाफा अर्बमा पुगिरहेको छ । बैंकका शेयरधनीहरु मालामाल भइरहेका छन् । बैंकले कर्मचारीहरुलाई पर्याप्त बोनस लगायतका सुविधाहरु उपलब्ध गराइरहेका छन् । तर ती सबै आर्थिक भार बैंकले ऋणीहरुमाथि थोपारिरहेका छन् । देशमा हाल 'क 'वर्गको राष्ट्रिय बैंक दुई दर्जन बढी नै छन् । विकास बैंक, वित्तीय संस्थाहरु, लघुवित्तको संख्या पनि कम्ती छैन् । तर बैंकले वर्षमा नै कयौं पटक ब्याज बढाउने गरेको छ । बैंकले ब्याज बढाउनुपर्ने पर्याप्त कारणहरु सहितको सूचना ग्राहकहरुलाई पहिले नै दिनु पर्छ । बैंकमा भएको लिखत अनुसार पटक-पटक मनलागी ब्याज बढाए पनि ऋणीलाई जनाउ दिने गरिएको छैन् । बैंकले वृद्धि गरेको ब्याजदरलाई ऋणीले धान्न सक्ने अथवा ऋण चुक्ता गर्ने निर्णय लिन बैंकले जनाउ दिनु आवश्यक छ । बैंकले मनपरी ढंगले गरिरहेको ब्याज वृद्धिलाई ऋणीहरुले चुपचाप सहन गर्नाले नै ठूलो मारमा परिरहेका छन् । देश लोकतान्त्रिक महापर्व चुनावमा होमिएको छ । नेताहरुले चुनावमा असीमित खर्च गरिरहेका छन् । बजारमा तरलताको कुनै अभाव देखिएको छैन् । उम्मेदवारहरुसित पर्याप्त रुपैयाँ रहेको देखिन्छ । नेताहरु अहिले चुनावमा लागेकाले बैंकहरुको मनपरी सम्बन्धमा कुनै प्रतिक्रिया जनाइरहेका छैनन् । सरकार पनि एकप्रकारले निष्कृय नै रहेको छ । कुनै ठोस निर्णय लिने अधिकार नरहेको र प्रधानमन्त्री, मन्त्री समेत चुनावमा लागेकाले पनि बैंकको समस्या यथावत रहेको छ । बैंकको अस्वभाविक ब्याजको कारण कयौं उद्योगी व्यवसायीहरु पलायन हुन सक्ने अवस्था सृजना भएको छ । बैंकको ऋण तिर्न नसकेर उद्योगी व्यवसायीहरु भाग्ने अथवा अन्य अप्रिय निर्णय लिन सक्ने डरलाग्दो अवस्था सृजना हुन थालेको छ । बैंकले धितोमा राखिएको अचल सम्पत्ति लिलाम गरी समेत रकम असुल गर्न सक्ने अवस्था नआउन सक्छ । त्यस्तो परिस्थिति आए बैंक पनि डुब्न सक्ने छ ।

# निर्वाचनको संहार, श्रृङ्खलामा मुलुक



रामनारायण प्रसाद मण्डल

पूर्व सामाजिक (प्राकृतिक), पूर्व राजनीतिक, अर्थात पत्यरयुगबाट मानिस, आजको वर्तमान अवस्थामा पुगेको कालखण्डमा, 'राज्य' भन्ने संस्थाको प्रादुर्भावबाट, अवश्य गुज्रेको पनि होला । राज्यको उत्पति दैवी उत्पति, सामाजिक अनुवन्धीय उत्पति, बलको सिद्धान्तीय उत्पति, पितृपक्ष वा मातृ पक्षीय उत्पति तथा ऐतिहासिक सिद्धान्तीय उत्पतिमा आधारित छन् ।

प्रतिनिधि छनौटको प्रणाली कहिले विकसित भयो कुनै निश्चित प्रमाण छैन । तर मध्य युगमा राजाहरुलाई धनको आवश्यकता महशुस भयो त, सर्व साधारणलाई बुलाएर, सर सल्लाह गरिन्थियो । शनैः शनैः भिन्न भिन्न मुलुकमा भिन्न भिन्न नामले यो संस्था विकसित हुँदै गयो । इंगलैण्डमा यसलाई पारलियामेन्ट भनियो । हिटलर र मुसोलिनीले अधिनायकवादी प्रतिनिधि सभाको व्यवस्था गरे । पछि गयर मताधिकारको सिद्धान्तको विकास भयो । अल्पवयस्क, प्रवासी, मताधिकारको सिद्धान्तको विकास भयो । अल्पवयस्क प्रवासी, महिला, पागल, अपराधी, यो अधिकारबाट बहिष्कृत भए । अमेरिका, ईगलैण्ड, फ्रान्स आदिमा यो सिद्धान्त लागु भयो । सन् १९२० मा अमेरिकाले नारीलाई मताधिकार प्रदान गरे । लोकतन्त्र, जनताद्वारा जनताको सरकार भयो । डा. फाइनरको विचारमा जुन निर्वाचनमा सम्पूर्ण राष्ट्रलाई एउटा निर्वाचन क्षेत्र मानिन्छ तेसबाट स्पष्ट प्रतिनिधित्व प्राप्त हुनछ ।

वर्तमान नेपाल, राणा शासनको १०५ वर्ष, राजतन्त्र, ३० वर्षको पंचायती शासन, २०३६ सालको जन्मत संग्रह, संवैधानिक राज तन्त्र, १० वर्षको माओवादी विद्रो हुँदै २०७२ सालको नयाँ संवैधानिक व्यवस्थामा पुग्यो । तेस्तै वर्तमान निर्वाचन प्रणाली १९ सौं शताबदीको मध्यतीर सर्व प्रथम पश्चिम युरोपको डेनमार्क र बेलायतमा शुरु भयो ।

सरकारका स्वरुप, निरंकुश, राजतन्त्र, कुलिनतन्त्र, लोकतन्त्र हुँदै आजको संघीयताको अवस्थामा आई पुग्यो । आजको अवस्थामा पुग्दा विरासतमा हामी निर्वाचनको संगालो यसै साथ निम्ताएका छौ. । चुनाव भने पछि स्थानीय चुनाव, प्रादेशिक चुनाव र संघीय चुनावलाई जनाउँछ । भर खरै २०७९ वैशाखमा स्थानीय चुनावको रापले सारा मुलुक तप्दै छ । पुनः प्रदेश र संघीय निर्वाचन जस्तो गरुँगो बोझको रुपमा चुनाव आमन्त्रित छन् । जसलाई जेनतेन निर्वाहत गर्नु पर्ने हुन आउँछ । स्थानिय चुनावको अर्थ तन्त्रको कुरा पछि गर्दै गरौला । आसन्न प्रदेश र संघीय चुनावको अर्थतन्त्रको लेखा जोखा यहाँ आवश्यक छ ।

संघको प्रतिनिधि सभामा प्रत्यक्ष १६५ समानुपातिक ११०, गरि जम्मा २७५ सीट, तेस्तै ७ प्रदेशहरुको प्रत्यक्ष तर्फ ३३० र समानुपातिक २२० गरि जम्मा ५५० सीटको लागि चुनावी कुरुक्षेत्रको युद्ध भूमिमा मुलुकको सारा जनसंख्या र अर्थतन्त्र व्यस्त र व्यग्र छन् । चुनावी अर्थ तन्त्रको कुरा गर्ने हो भने दलबाट उम्मेदवारले प्राप्त गर्ने टीकट प्रचार प्रसार खर्च, खान पीन, सवारी साधन, पर्चा पम्पलेट, सभा, जुलुस, कोण सभा, स्वयं सेवक र पर्यवेक्षक खर्चा आदि सम्पूर्ण खर्चको हिसाव गर्दा उम्मेदवारले खुद वेहोर्नु पर्ने खर्च सिमा प्रति उम्मेदवार औसत ११/२-२ करोड भन्दा बढि अनुमान गर्न सकिन्छ । तेस माथि सरकारी खर्च २० अर्व, ५ करोड ८३ लाख तोकिएको छ । सुरक्षामा खटिनो, प्रहरी, सेना आदिको खर्चा पार्टीले प्रति उम्मेदवार खर्चिने सहयोगी रकम समेतलाई जोडदा अदृश्य हारा हरी १ खर्बको अनपनमा प्रति पाँच वर्षमा मुलुकले धानै नसक्ने खर्च बाढीले बगाए जस्तै धन, बगेर गई रहेको निरिह अवस्थामा हेरि बस्ने कुरालाई नकान सकिदैन् ।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा ६ महानगरपालिका, ११ उममहानगरपालिका, २७६ नगरपालिका, ४६० गाउँपालिका एवं ६७४६ वडा र सहायक सदस्य गरि महा जनसैलावको निर्वाचनको महा चक्रमा आई पुग्दा ५० अर्व खर्च भएको आकलन गर्न सकिन्छ । सरकारी आकडा वडामा १५-२० लाख, पालिका ५० लाख देखि १ करोड सम्मको अंक गणितीय आंकलन गरिएको छ । २०७४ सालको चुनावमा ३४ अर्व, ९८ करोड पुगेको थियो । आ.ब. २०७९।८० को कुल खर्च १७ खर्व, ९३ अर्व, ८३ करोडको बजेटमा अनुमानित १ खर्व चुनावमानै स्वाहा भए पछि अरु अर्थतन्त्रमा नै आधारित खर्चको चाँजो कताबाट ?

वर्तमान निर्वाचन प्रणाली, खर्चले धान्नै नसकिने, सारा प्रशासन तन्त्र देखि १,७७,३३,७२३ मातदाता उम्मेदवार, परिवार, व्यक्ति समाज, गाउँ कसवा, क्षेत्र, प्रदेश अर्थात सम्पूर्ण राष्ट्रनै स्थानीय चुनाव देखि प्रदेश संघ सम्मको निर्वाचनलाई लक्षित गरि सम्पूर्ण समयन्त्र नै उद्वेलित देखिन्छ । विद्यालय पाठशाला स्वास्थ्य क्षेत्र, संघ, संस्था सरकारी, गैर सरकारी, प्रहरी, प्रशासन, सेवा आदि सबै जना अस्त व्यस्त देखिन्छ । आम व्यक्तिको जन जीवन प्रभावित नभई रहन सकिदैन । जत्रतत्र, चुनाव चुनाव, रातिमा पनि चुनावै सपना देखिन्छ । विहवन व्युझे देखि रात्रि सुतने बेला सम्म चुनावै कै चक्रव्युहमा मानिस बैतारि रहन्छन् । मानिसले शिक्षा, स्वास्थ्य, रोजगार, उद्योग, व्यापार, खेती पाती, आफ्ना सम्पूर्ण अर्थ, व्यक्तिले निर्वाचन मै होमीयोको देखिन्छ ।

निर्वाचित प्रतिनिधि ज्यूहरुले चुनावमा खर्चाएको अर्थको आकलन गर्दै क्षतिपूर्तिको निरुपन तिर लाग्न वाध्य हुन्छन् । जसबाट अनियमिता भ्रष्टाचार अनैतिकता, शोषन, उदीयमान हुन्छन् र त्यस अनुष्ठानमा लाग्न वाध्य पनि हुन्छन् । माथिका कर्मकाण्डहरु सकि सके पछि वाँकीका समय पुनः पाँच वर्षमा हुने महाकुम्मभको चाजो माजो मिलाउनमा अधिकान्स अवधि खचीएको हुन्छ । यसको विकल्प के ? विकल्प छ ।

नियालेर विचारेर, चिन्तन गरेर हेरौं भने प्रतिनिधि सभा, प्रदेश सभा, स्थानिय कार्यपालिका समेतलार्य प्रतिनिधि छनौट, रेखदेख, नियन्त्रण सम्मको लागि चाहिने सरल अर्थतन्त्रको १०५ प्रतिशतको व्यवहार हुने, स्वतन्त्र निष्पक्ष, शान्तिपूर्ण ढंगले समपन्न गर्न सकिने समयन्त्रको प्रादुभार्व गर्नु पर्छ । त्यो हो "प्रतिनिधि चयन आयोग" को व्यवस्था । यसले प्राविधिक तथा यान्त्रिक प्रविधिबाट ३।४ महिना मै तीनै तहको लागि योग्य, देश, भक्त अनुभवि, ईमान्दार, प्रतिनिधि छनौट गरि पठाउन सकिन्छ । न सुरक्षा चाहिन्छ न मतदान केन्द्र, मतदान अधिकृत देखि दौड धुप, गाडी घोडा आदि, चाहिदै चाहिदैन ।

राष्ट्री जनगणनाको आधिकारीक अभिलेखबाट, २१-२५ वर्ष उमेर पुगेका महिला पुरुष प्रतिनिधि चाहिने निर्दिष्ट समयन्त्रबाट आधारित प्रविधिले नामावली चयन गरि स्थानीय जिल्ला आयोगले प्रदेश र प्रदेशले संघ सम्म निर्दिष्ट तिथि मितिमा उपलब्ध गराउने छ । तेसैबाट प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तह सम्मको प्रतिनिधि चयन हुने कार्य गरिन्छ ।

संघ प्रतिनिधि सभाबाट मन्त्रिपरिषद, प्रदेश सभाबाट प्रदेश मन्त्रिपरिषद र स्थानीय प्रतिनिधिबाट स्थानीय कार्यपालिका गठन हुनेछ । प्रदेश एवं संघीय प्रतिनिधि सभाबाट राष्ट्र पति तथा उपराष्ट्रपति र संस्थाको गठन हुन्छ ।

"प्रतिनिधि चयन आयोगले" सो कामको लागि आफ्नो कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार र प्रमुख, चयन आयुक्त, कुनै आयुक्त वा सरकारी कर्मचारीलाई तोकिएको शर्त अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी । प्रत्यायोजना गर्न सक्नेछ । "प्रतिनिधि चयन आयोग" को अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ । आवश्यक सहयोगको लागि संविधान बमोजिम प्रतिनिधि चयन आयोगलाई आफ्नो काम पुरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारले उपलब्ध गराउने छन् ।

प्रशासनीय, भौगोलिक, बहुजातीय, बहुभाषीय, बहु धार्मिक, बहु सांस्कृतिक, विविधतालाई समेटी, आत्म साथ गरि यस मुलुकलाई ७७ जिल्लामा विकेन्द्रिय गरि पाँच प्रदेशको अवधारणा बनाई दल विहिन व्यवस्थामा परिमार्जित गर्नु पर्छ ।

प्रतिनिनिधि चयन आचार, शिक्षा, स्वास्थ्य, भाषा, धर्म, संस्कृति, राजनैतिक आस्था, नौकरी व्यवसाय, सम्पत्ति इमान्दारी, अनुभव, आदि सम्पूर्ण विषयगत परिचयमा आधारित हुन्छ ।

दलित, आस्था राख्न प्रतिबन्धक हुदैन । आदि वासी, जन्नजाति, खस, थारु, मुश्लिक, दलित, सीमान्तकृत, अपाङ्ग, महिला आदिलाई जन संख्याको आधारमा मुलुकको हर क्षेत्रमा प्रतिनिधित्वको लागि आरक्षणको साथै समावेशी समानुपातिक व्यवस्था अनिवार्य गरिएको छ । अन्तमा प्रतिनिधि चयन आयोगमा राष्ट्रका हर क्षेत्रका विज्ञहरु समिलित आयोगको परिकल्पना गरिएको छ ।

# डेंगुमा प्लेटलेट्स काउन्टको महत्व के हो ?



डा केयुर गौतम

हाम्रो बोनम्यारोमा एउटा मेगाकारियोसाइट भन्ने सेल हुन्छ। त्यो सेलको पेरिफेरी या साइटोप्लाज्मबाट निक्लेका सानासाना सेल्सहरुलाई प्लेटलेट्स भनिन्छ। जुन हाम्रो रगतमा देखिन्छ। कतै ब्लिडीङ भएमा त्यसलाई रोक्नको लागि प्लेटलेट्स सक्रिय हुन्छ।

डेंगुमा त्यो भाइरसले गएर बोनम्यारोलाई दबाउने कारणले गर्दा रगतमा प्लेटलेट्सको मात्रा घट्न जान्छ। प्लेटलेटको रेफ्रेन्स रेन्ज १ लाख ५० हजारदेखि ४ लाख वा ४ लाख ५० हजार पर क्युविक एमएम हुन्छ। डेढ लाख भन्दा कम भयो भने प्लेटलेट कम भएको भनिन्छ। तर त्यो कम हुदैं गएपछि डेंगु हेमोरेजिक फिभर या डेंगु शक हुन सक्ने सम्भावना प्रवल हुन्छ। त्यसकारण डेंगु संक्रमण भएको समयमा डेंगु मोनीटरिङ गर्नु आवश्यक छ। यदी तपाई डेंगु भएर घरमै बसीरहनु भएको छ भने दुईदेखि तीन दिनमा प्लेटलेट काउन्ट गराउनु पर्छ ।

प्लेटलेट्स काउन्ट गर्ने धेरै प्रक्रिया भए तापनि अहिले काठमाडौंमा दुई तरिकाले यसको काउन्ट गरिन्छ। एउटा अटोमेटेड सेल काउन्टरबाट गरिन्छ भने अर्को स्लाइडमा म्यानुअल्ली प्लेटलेट्स काउन्ट गरिन्छ । यी दुवै तरिका राम्रो हो। तर धेरै प्राविधिक कारणले गर्दा अटोमेटेड मेसिनले जुन काउन्ट दिन्छ त्यो भन्दा विश्वासिलो म्यानुअल काउन्ट हुन्छ। म्यानुअलले जे छ सत्य तथ्य देखाउछ भने अटोमेटेडले थौरै कम देखाऊँछ। त्यसकारण डेंगु भएको बिरामीमा या आफ्नो हस्पिटलको ल्याबको प्रोटोकल अनुसार काम गरिन्छ । सामान्यतय धेरै अस्पतालमा डेढ लाख भन्दा कम प्लेटलेट्स देखिएमा स्लाइड बनाएर म्यानुअल्ली माईक्रोस्कोपमा काउन्ट गरिन्छ। डेंगुमा प्लेटलेट्स धेरै कम भयो भने ट्रान्सफयुज गर्नुपर्ने अवस्था समेत आउन सक्छ। त्यसकारण एक लाख भन्दा कम भयो भने लो रिक्स भनिन्छ। चालिस हजार भन्दा कम भयो भने मोडेरेट रिक्स र २० हजार भन्दा कम भयो भने हाई रिक्समा गनिन्छ। बिरामीको अन्य अवस्था हेरेर डाक्टरहरुले प्लेटलेट्स ट्रान्सफयुज गर्न सक्छन। त्यसकारण यसको धेरै महत्वपूर्ण भूमिका छ।

डेंगु हुँदा प्लेटलेट मात्रै भनेर बस्नु पनि हुदैंन। किनकी सिबिसी अन्तर्गत प्लेटलेट काउन्ट आउछ। सिबिसीमा अर्को महत्वपूर्ण कुरा टोटल काउन्ट पनि हो। डेंगु हुँदा टोटल काउन्ट घट्दै जान्छ र ठिक हुँदै जाँदा बिस्तारै बढ्छ। ह्म्यामाटोक्रिट अर्को महत्वपूर्ण पक्ष हो, त्यो बढ्दै गयो भने हेमोरेजिक फिभर या डेंगु शक हुने सम्भवना बढी हुन्छ। त्यसकारण दुई देखी तिन दिनमा प्लेटलेट्स काउन्ट गराउनु पर्छ।सौजन्यः स्वास्थ्य खबर

# रमाइलोदेखि त्राससम्म एक चिट्ठा विजेताको अनुभव

मेरिल सेबास्टियन




म हालसालै आफ्नो छोराको लागि झोला किन्न पसल गएको थिएँ। उनीहरूले मलाई पैसा आवश्यक छैन भन्ने ठानेर होला फिर्ता दिनु पर्ने रकम पनि दिएनन । दक्षिण भारतीय राज्य केरलाका अनुप बीले यस्तो परिस्थिति सामना गरेको यो पहिलो पटक भने होइन । दुई महिनाअघि सरकारी चिट्ठा परेपछि आफ्नो जीवनमा अकल्पनीय परिवर्तन भएको बताउँछन ३२ वर्षीय अनुप ।

पहिले राम्रो सम्बन्ध भएका धेरै मानिसहरू अहिले हामीसँग बोल्न छोडेका छन उनी भन्छन ।उनले गत सेप्टेम्बरको सुरुवातमा २५ करोड भारु अर्थात करिब ४० करोड नेपाली रुपैयाँको चिट्ठा जितेका थिए। त्यो राज्यको इतिहासमा सबैभन्दा ठूलो धनराशिको चिट्ठा प्राप्त गरेपछि अनुप राष्ट्रिय समाचारहरूको शीर्षक बने । धेरै भारतीय राज्यहरूमा चिट्ठा गैर कानुनी छ तर केरलालगायत केही राज्यले कडा नियम लगाउँदै सञ्चालनको अनुमति दिएका छन ।

तर उनको जितको खबर सार्वजनिक भएको केही दिन पछि अनुप फेरि भाइरल भए। यस पटक उनले एक भिडिओ सार्वजनिक गर्दै पैसाको लागि आफू र आफ्नो परिवारलाई दुःख नदिन नचिनेका मानिसहरूलाई अनुरोध गरे। त्यति बेला उनले मैले नजितेको भए हुन्थ्यो, भन्ने अभिव्यक्ति दिएका थिए ।

यसै साता बीबीसीले अनुपसँग सम्पर्क गर्दा उनी सुरुमा बोल्न हिचकिचाए । उनले आफ्नो तस्बिरले हरेक पटक आफूप्रति ध्यानाकर्षण गराउने भएकाले तिनलाई प्रकाशित नगर्न पनि आग्रह गरे । तपाईँ स्वयं यस परिस्थितिबाट गुज्रनुभयो भने मात्र यो अनुभूति कस्तो हुन्छ महसुस गर्नु हुन्छ, उनले फोनमार्फत भने ।अचानक तपाईँले चिनेका सबै जना तपाईँको घरमा हुनु कुनै चलचित्रको दृश्यजस्तै लाग्छ । भान्सेबाट टुक-टुक चालक बनेका तिरुवनन्तपुरम जिल्लाका उनले एक दशकभन्दा बढी समयदेखि चिट्ठाका टिकटहरू खरिद् गर्दै आएका थिए र यसअघि पनि थोरै धनराशिको पुरस्कार जितेका थिए । तर पछिल्लो पटक जितेको चिट्ठाले उनको जीवनको रफ्तार नै बदलिदयो जसलाई पुनः लयमा ल्याउन उनी सङ्घर्ष गरिरहेका छन ।तपाईँप्रति मानिसहरूको दृष्टिकोण रातारात परिवर्तन हुन्छ, उनी सुनाउँछन ।

### सहयोग माग्नेको भीड

चिट्ठा विजेता घोषणा भएको केही साता उनको घर र छिमेकमा सयौं मानिसहरूको भिड लाग्यो। उनीहरू त्यहाँ आर्थिक सहयोगको माग गर्दै उपस्थित थिए । ब्याङ्क र बिमा एजेन्टहरूबाट धेरै कलहरू थिए, उनी भन्छन। एक समूह चेन्नईबाट मसँग फिल्मको लागि आर्थिक सहयोग माग्दै आएको थियो । सहयोगका लागि अनुरोधहरू बाहेक उनको दम्पतीले पैसामा दाबी गरेको महसुस गर्ने मानिसहरूको पनि सामना गरे । अनुप भन्छन, एक जना मानिस दिनभर हाम्रो घरमा बसेर रोयल इन्फिल्डको मोटरसाइकल किन्न माग गर्दै थिए ।

सबैलाई लाग्छ कि मैले यो पैसा सित्तैमा पाएको छु, केही नगरी, र त्यसैले उनीहरूले सोध्छन कि मैले उनीहरूलाई किन दिन सक्दिन, उनी भन्छन । बिहान हामी उठ्दा घरबाहिर भिड हुन्थ्यो। मानिसहरू बिहान ५ बजेदेखि राति अबेरसम्म त्यहाँ बस्ने गर्थे, उनी सम्झन्छन । अनुपकी श्रीमती मायाले स्थानीय सञ्चार माध्यमलाई बताए अनुसार यो दम्पतीले रकम प्राप्त गरेपछि मानिसहरूलाई सहयोग गर्ने सम्भावनाबारे छलफल गरेका छन ।

मानिसहरूले सहयोग गर्छौं भन्ने कुरालाई आधार बनाएर सबै जना सहयोग माग्दै आए, उनी भन्छिन ।राज्यभरबाट सहयोग रकमका निम्ति अनुरोध गरिएको छ। कसैले आफ्नो धितो वा ऋण तिर्न मद्दत मागेका छन भने केहीले आफ्नी छोरीको विवाह खर्चका निम्ति आग्रह गरेका छन । अनलाइनमा छाएका अफवाहहरूले समेत आफ्नो शान्ति भङ्ग गरेको यो दम्पती बताउँछ । सामाजिक सञ्जालमा मसँग पहिले नै धेरै पैसा भएको मैले जितेको बारेमा झुटो बोलेको हल्ला थियो भन्ने आशयका सामग्रीहरू थिए उनी भन्छन ।

अनुपका अनुसार उनी अझै पनि सार्वजनिक रूपमा बाहिर निस्कनुअघि सतर्क बन्छन ।गल्तीले एक महिलाको खातामा ७० लाख अमेरिकी डलर पुगेपछि । म जहाँ पुगे पनि मानिसहरूले मलाई चिन्छन् किनकि धेरै सञ्चार माध्यमहरूले मेरो अनुहार सार्वजनिक गरेका थिए। उनी हाल आफ्नी ८ महिनाको गर्भवती श्रीमती र काखे छोराको सुरक्षाको बारेमा चिन्तित छन ।तर हाल उनले आफ्नो भोगाई अभूतपूर्व नभएको महसुस गरेका छन । गत अक्टोबरमा महिनामा एक स्थानीय टिभी च्यानलको खेल सम्बन्धी कार्यक्रममा अनुपले गत वर्ष त्यही चिट्ठा जितेका ५९ वर्षीय जयपालनलाई भेटे। उनीसँगको भेटले अनुपलाई राहत दिलायो।

१२ करोड भारतीय रुपैयाँ जितेका जयपालन पनि सञ्चारमाध्यमको आकर्षण विषय बने र उनीसमक्ष थुप्रै आर्थिक सहयोगको अनुरोध आए । कसलाई वास्तवमा सहयोग चाहिएको छ र कसलाई केवल पैसा चाहियो भनेर छुट्टाउन गाह्रो भयो, उनले कार्यक्रममा भनेका थिए । साथीहरू शुरु बन्छन अझै पनि टुक-टुक चलाउने जयपालनले थपे । मैले पैसा नदिएकाले धेरै जना अझै रिसाएका छन ।

केही धम्कीपूर्ण चिट्ठी आएपछि उनले प्रहरीमा उजुरी दिएको र घर वरपर सीसीटीभी क्यामेरा जडान गरेको सुनाए।उनले अनुपलाई होसियार रहने सल्लाह दिए । मानिसहरूलाई लाग्छ कि चिट्ठा जितेपछि पैसासम्बन्धी मेरो सबै चिन्ता हट्छ। तर सबै कुरा अझै अनिश्चित छ। मलाई थाहा छैन कर तिरेपछि मसँग कति रकम बाँकी रहन्छ, अनुप भन्छन ।

विजेताले पुरस्कार रकमबाट कति पाउँछन भन्ने हिसाब जटिल रहेको दुवै विजेताहरूले कार्यक्रम मार्फत बताए । चिट्ठामा जितेको रकम हस्तान्तरण गर्दा राज्य सरकारले ३० प्रतिशत कर कटौती गर्छ। टिकट एजेन्टले लिएको शुल्कबाहेक विजेताले सङ्घीय सरकारलाई विविध शीर्षकमा आयकर बुझाउनु पर्छ । अनुपको जितले तहल्का मच्चाएपछि प्रदेश सरकारले अनुपका लागि आर्थिक व्यवस्थापन र रकमको सदुपयोगका विषयमा एक दिने तालिमको आयोजना गरेको थियो। हाल उनले आफूले जितेको रकमले के गर्ने भन्नेबारे निर्णय गर्नुअघि केही वर्ष पर्खने योजना बनाएका छन ।

प्राप्त रकम एक किसिमको आशिष हो भन्ने कुरामा दुई मत छैन, उनी भन्छन।तर मैले केही गर्नु अघि वा अरू कसैलाई मद्दत गर्नु अघि आफ्नो परिवारको हेरचाह गर्नु पर्छ र आफ्ना सन्तानको भविष्य सुरक्षित छ भन्ने कुरा सुनिश्चित गर्न भए पनि पैसाको राम्रोसँग व्यवस्थापन गर्न आवश्यक छ ।(**बीबीसी न्यूज**)

# कोप-२७ जलवायु सङ्कटसँग जुध्न व्यावहारिक बाचाको पर्खाइ

काठमाण्डु । इजिप्टको शार्म एल् शेख सहरमा दुई दिनदेखि संयुक्त राष्ट्रसङ्घीय जलवायु सम्मेलन (कोप-२७) जारी छ। नेपाललगायत विश्वका १९० बढी देश सहभागी भएर संसारकै पेचिलो समस्या-जलवायु परिवर्तन-का विविध पक्षमा घनीभूत छलफल चलाइरहेको यो विश्व सम्मेलनलाई विशेष चासोका साथ हेरिएको छ।

जलवायु सङ्कटसँग जुध्न विश्वका नेताले कस्तो वार्ता र वाचा गर्लान् भन्ने कुरामा सबैको ध्यान इजिप्टतिर मोडिएको छ । हुन त पेरिस सम्झौता-२०१५ पछि सबैभन्दा महत्वपूर्ण सम्मेलनका रूपमा गत वर्ष बेलायतको ग्लास्गोमा भएको कोप-२६ लाई लिइए पनि त्यो सम्मेलनले मिश्रित प्रतिक्रिया




पाएको थियो । विश्वका शक्ति राष्ट्रले १९९० को दशकदेखि नै उठेको हानि नोक्सानीको विषय र साना राष्ट्रलाई दिइने वार्षिक एक सय अर्ब डलर सहयोगको वाचालाई कोप-२६ मा पनि पन्छाए । यसले नेपाललगायत स्रोतविहीन थुप्रै साना र अतिकम/अल्पविकसित राष्ट्रलाई निराश बनाएको थियो।

जलवायुजन्य हानि-नोक्सानीका घटना संसारभर बढिरहेकै छन्। पाकिस्तानको बाढी होस् या युरोपको उर्लंदो तापक्रम, विश्वले अनेक विषम, अतिशय जलवायुजन्य दुर्घटना खेपिरहेकै छ। युरोपमा असह्य तापक्रम बढ्दा कतिले त्यसलाई 'क्लाइमेट हेल' (जलवायु नर्क) को संज्ञा दिएका थिए। यसै क्रममा जलवायु परिवर्तन र विश्वमा यसको असरसम्बन्धी अत्यासलाग्दा प्रतिवेदनहरू पनि सार्वजनिक भइरहेका छन्।

कोप-२७ को पूर्वसन्ध्यामा राष्ट्रसङ्घीय वातावरण कार्यक्रम (युनेप) ले अनुकुलन ढिलाई र उत्सर्जनमा अन्तरसम्बन्धी दुई प्रतिवेदन सार्वजनिक गरेको छ । जलवायु परिवर्तनका जल्दाबल्दा विषयवस्तु र जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसङ्घीय ढाँचा महासन्धि (युएनएफसिसी) का सदस्य राष्ट्रले कोप-२६ मा गरेका बाचाको समीक्षा गरी तयार पारिएका यी दुई प्रतिवेदनले अनुकूलता र उत्सर्जनसम्बन्धी बाचा र व्यवहारमा ठूलो अन्तर देखाउँदै विश्वलाई चेतावनी दिएका छन्।

"समग्र मावन जीवन र यस धर्तीलाई जलवायु परिवर्तनले एकपछि अर्को मुक्का प्रहार गरिरहेको छ, जुन प्रहार विश्वले भविष्यमा हरित गृह ग्यास उत्सर्जनमा कमी ल्याए पनि, अझ भयङ्कर हुदै जाने छ," युनेपको अनुकूलन ढिलाइसम्बन्धी प्रतिवेदनमा लेखिएको छ । 'अति कम, अति ढिलो' शीर्षक दिइएको उक्त प्रतिवेदनले जलवायु अनुकूलनका कार्य सुस्त र असफल भएका हुनाले विश्वले तत्काल ती कार्यमा बढोत्तरी गर्न ढिला भैसकेको छ भनी चेतावनी दिएको छ।

त्यस्तै उत्सर्जनसम्बन्धी प्रतिवदेनले पेरिस सम्झौताअनुसार यस शताब्दीको अन्त्यसम्म विश्व तापमान वृद्धिलाई १.५ डिग्रीमै कायम राख्ने अर्थात् २ डिग्रीभन्दा तल सिमित राख्ने देशहरूको प्रयास असफल भई २.८ डिग्रीसम्म बढ्ने कडा चेतावनी दिएको छ। यो आँकलन विश्वका विभिन्न राष्ट्रले अवलम्वन गरेका नीतिमा आधारित छ, अर्थात जलवायु परिवर्तन अनुकूलनका अहिलेसम्मका हाम्रा प्रयास र नीति अत्यन्त धिमा र अप्रभावकारी छन्, बढ्दो तापक्रमको मात्र कम गर्नेमा दिशमा छैनन् । यसका लागि हरितगृह ग्यासको उत्सर्जनमा भयानक कटौती अत्यावश्यक छ।

जलवायु वित्त पनि उत्तिकै महत्वपूर्ण पक्ष हो । युनेप प्रतिवेदनका अनुसार विकासशील राष्ट्रलाई दिइने भनेको अनुकूलन वित्त बाचा गरेको भन्दा ५ देखि १० गुणा कम छ। बाचा पूरा गर्नका लागि हरेक वर्ष विश्वमा १६० देखि ३४० अर्ब अमेरिकी डलर प्रतिवर्ष आवश्यक पर्ने प्रतिवेदनले आँकलन गरेको छ।

अतिकम विकशीत राष्ट्र नेपाल अर्थतन्त्र र आन्तरिक स्रोत साधनमा कमजोर भएकाले अनुकूलन वित्तका कुरा अर्थपूर्ण छन्। यसका अतिरिक्त युक्रेन-रसिया युद्ध र शक्ति राष्ट्र फरक-फरक प्रतिक्रियाको पृष्ठभूमिमा भइरहेको छ यो जलवायु सम्मेलन। विशेषगरी शक्ति राष्ट्र र उदाउँदा अर्थतन्त्रले स्रोतहीन साना र अतिकम विकसित राष्ट्रको सङ्कटलाई कम गर्न कस्तो सहयोगको बाचा गर्छन् र बाचा पूरा गर्ने तत्परता देखाउँछन् देखाउँदैनन्, यो उत्तिकै गम्भीर र चासोको विषय हो।

वैश्विक परिवेशमा हेर्दा जलवायु परिवर्तनमा नेपालको नगन्य भूमिका छ तर जलवायु सङ्कटापन्न मुलुकमध्ये अग्रभागमा छ। त्यसैले नेपालले यो विश्व मञ्चलाई सदुपयोग गर्ने सम्बन्धित मन्त्रालयले जनाएको छ । नेपालले पनि जलवायु परिवर्तनसम्बन्धी आफ्ना विभिन्न प्रतिवेदन र राष्ट्रिय अवधारणा पत्र/दस्तावेजमा हानि नोक्सानी, अनुकूलन र यसका लागि चाहिने आर्थिक, प्राविधिक सहयोग जोडदाररूपमा उठाउने भएको छ । कोप-२७ लाई जलवायुजन्य हानी नोक्सानी र साना राष्ट्रलाई विकसित राष्ट्रले दिने सहयोगको बाचा सम्झाउने सुअवसरका रूपमा नेपालले लिएको स्पष्ट छ । नेपालबाट मन्त्रीस्तरीय प्रतिनिधिमण्डल यतिखेर सम्मेलनमा भाग लिइरहेको छ। नत्यस्तै नेपालले हिमाली राष्ट्रका साझा समस्याका विषयमा पनि कोप-२७ मा उठाउँदैछ।

यसैबीच, लामो समयसम्म औपचारिक छलफलबाट पन्छाइएको हानी नोक्सानीको विषयलाई यसपटक बृहत् बहस र बार्तापश्चात् कोप-२७ को औपचारिक कार्यसूचीमा राख्न सफल भएकामा नेपाललगायत विभिन्न राष्ट्र, वार्ताकार र जलवायु वकालतकर्ताले खुसी व्यक्त गरेका छन्।

**जलवायु ऐक्यबद्धता सम्झौता प्रस्ताव**

सम्मेलनलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुट्रेसले जलवायु ऐक्यवद्धता सम्झौता प्रस्ताव गरेका छन्। सम्मेलनलाई सम्बोधन गर्दै उनले भने, "हामी ऐतिहासिक घडीमा छौं । यतिखेर जलवायु सङ्कट सामना गर्नका लागि विशेषगरी विकसित र विकासशील राष्ट्रहरूबीच साझा रणनीति र सामूहिक स्रोत सिर्जनाका लागि जलवायु ऐक्यबद्धता सम्झौता आवश्यक छ।"

जलवायु सङ्कटसँग जुध्न महासचिव गुट्रेसले भने झैं विकसित र विकासशील राष्ट्रको विशेष भूमिका आवश्यक छ । उनीहरूले हरितगृह ग्यास उत्सर्जन कटौतीका लागि गर्ने बाचा र प्रदर्शन गर्ने व्यवहारले नै यो युगको जटिल समस्या कम गर्न सहज हुन्छ । एकपक्षीय दबाब, प्रभाव, र अवाञ्छित प्रतिस्पर्धाभन्दा पनि सहकार्यबाट नै विश्वले सुरक्षित भविष्य तय गर्न सक्ला । त्यसैले यतिखेर व्यवहारिक बाचाको खाँचो छ। विश्वका अनेक राजनीतिक घटनाका बाबजूद पनि जलवायु सङ्कट बृहद् छ, सर्वव्यापी छ।

यता नेपालको घरेलु परिवेशमा पनि जलवायु परिवर्तनलाई बहुसरोकारको विषय बनाउनु उत्तिकै जरुरी छ। स्थानीय तहमा जलवायु परिवर्तनसम्बन्धी साक्षरता, सहभागितामूलक अनुकूलन, पारदर्शी शासकीय व्यवहार, परम्परागत असल अभ्यासलाई निरन्तरता र मान्यता, र खर्च गर्ने क्षमताको विकास पनि हाम्रा लागि महत्वपूर्ण छन्। भोलि जलवायु वित्तअन्तर्गत नेपालले आर्थिक सहायता र सुविधाको लाभ लिन पनि यी पक्षलाई गहन रूपमा व्यवहारमा उतार्नुपर्छ।रासस

# कालापानी, लिम्पियाधुरा र लिपुलेकको विषय संसद्ले एकमतले पास गरेको हो : प्रधानमन्त्री देउवा

खलङ्गा । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कालापानी, लिम्पियाधुरा र लिपुलेक नेपाली भूमि हो भनेर संसद्ले एक मतले पास गरेको बताउनुभएको छ।

वुधवार दार्चुलाको गोकुलेश्वरमा सत्ता गठबन्धनको चुनावी सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफूले मात्रै पास गरेको जस्तो गरेर झुटा कुरा गरिरहेको आरोप लगाउनुभयो।

'कांग्रेस, माओवादी केन्द्रलगायतका सबै दल मिलेर एक आवाजमा संसद्बाट पास भएको हो', प्रधानमन्त्री देउवाले भन्नुभयो,ँ अहिले ओलीले अरुले केही गरेकै छैन, आफूले मात्रै गरैं भनेर झुटो कुरा गर्दैछन् ।' उहाँले केही दिनअघि ओली दार्चुला पुगेर गफ लगाएर फर्किएको आरोपसमेत लगाउनुभयो।

आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनले राष्ट्रलाई कुन दिशामा लैजाने भन्ने निर्णय लिने उहाँको भनाइ थियो।ँअहिले धेरै किसिमका अफवाह फैलाउने काम भइरहेको छ', प्रधानमन्त्री देउवाले भन्नुभयो, ँमुलुकलाई समृद्ध बनाउन गठबन्धन दल एकजुट भएर अघि बढेको छ।'

उहाँले केही महिनाअघि दार्चुलामा नेपाल-भारत पक्की पुलको शिलान्यास भएको भन्दै उक्त पुल चाँडै निर्माण सम्पन्न हुने बताउनुभयो । गोकुलेश्वर विमानस्थल सञ्चालनमा ल्याइने भन्दै देउवाले दार्चुलालाई दुई वर्षभित्र अँध्यारोमुक्त जिल्ला बनाइने धारणा राख्नुभयो।

'दार्चुलालाई तुइनमुक्त क्षेत्र घोषणा गरिनेछ', उहाँले भन्नुभयो, ँदार्चुला धेरै सम्भावना रहेको




जिल्ला हो, यसको विकासमा हामी लाग्छौँ।'

**मेरै प्रस्तावमा ओली दुई पटक प्रधानमन्त्री : अध्यक्ष दाहाल**

सोही चुनावीसभालाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफूले नै प्रस्ताव गरेर एमाले अध्यक्ष ओलीलाई प्रधानमन्त्री बनाएको बताउनुभयो।

उहाँले ओली अब प्रधानमन्त्री बन्ने सम्भावना नरहेकोसमेत ठोकुवा गर्नुभयो । पहिलो पटक संविधान बनाउन सहमत गराउन र दोस्रो पटक वाम एकताको प्रस्तावसहित ओलीलाई प्रधानमन्त्री बनाएको अध्यक्ष प्रचण्डको भनाइ थियो।

भूमि फिर्ताका विषयमा उहाँले नक्सा मात्रै बनाएर नहुने भन्दै भारतसित कूटनीतिक तवरबाट पहल गर्नुपर्नेमा जोड दिनुभयो । ँचुनाव आएपछि ओलीले राष्ट्रवादको कुरा गर्दै गोहीका आँसु चुहाउँछन्', उहाँले भन्नुभयो, ँप्रतिगमनलाई हराउन गठबन्धन बनाएका हौँ।

सत्ता गठबन्धनबाट दार्चुलामा प्रतिनिधिसभा सदस्यको उम्मेदवारमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडू हुनुहुन्छ। उहाँसँगको प्रतिस्पर्धामा एमालेका नेता एवं पूर्वमन्त्री गणेशसिंह ठगुन्ना रहनुभएको छ।

**झुलाघाटमा पुल बनाएरै छाड्छु : प्रधानमन्त्री देउवा**

नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले सुदूरपश्चिमको विकास प्राथमिकतामा रहेको बताउनुभएको छ। बुधबार संयुक्त लोकतान्त्रिक-वाम गठबन्धनले पाटनमा आयोजना गरेको चुनावीसभालाई सम्बोधन गर्दै उहाँले सुदूरपश्चिमको विकासका लागि यहाँका ठूला आयोजना प्राथमिकतामा रहेको बताउनुभयो।

पश्चिमसेती, पञ्चेश्वर आयोजना, झुलाघाटमा मोटरेबल पुल, मध्यपहाडी लोकमार्ग, पाटन नमूना सहर निर्माणका काम सम्पन्न भएमा यहाँको विकास र रोजगारीमा टेवा पुग्ने प्रधानमन्त्री देउवाले बताउनुभयो । उहाँले भन्नुभयो, ँझुलाघाटमा मोटरेबल पुल आवश्यक छ, त्यो विषयमा भारतीय प्रधानमन्त्रीसँग कुरा गर्छु, उक्त पुल बनाएरै छाड्छु । पश्चिमसेती परियोजना अघि बढेको छ। पश्चिमसेती बन्यो भने सुदूरपश्चिमको विकासमा टेवा पुग्छ।'

उहाँले देशको आवश्यकताका आधारमा गठबन्धन गरिएको बताउँदै गठबन्धनका उम्मेदवारलाई जिताउन अपिल गर्नुभयो । एक अर्को प्रसङ्गमा उहाँले विकासमा सन्तुलन कायम गर्न सङ्घीयता आवश्यक रहेकामा जोड दिनुभयो।

**अध्यक्ष ओलीलाई दाहालको प्रश्न : फेरि संविधान मिच्न बहुमत चाहियो ?**

सोही कार्यक्रममा पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आर्थिक क्रान्तिका लागि मङ्सिर ४ पछि गठबन्धन सरकार आवश्यक रहेको बताउनुभयो।ँआर्थिक क्रान्तिका लागि अहिलेको गठबनधन गरिएको हो । जनचाहनाअनुसार गठबन्धनले काम गर्नेछ । अग्रगमनका पक्षमा सबैले खडा हुनुपर्छ । अहङ्कार र लोकतन्त्रवादीको लडाइँ चलेकाले लोकतन्त्रले जित्नुपर्छ।'

अध्यक्ष दाहालले कांग्रेस र माओवादी मिलेर देश समृद्ध बनाउनुपर्ने तर्क गर्नुभयो । उहाँले भन्नुभयो, ँम जनयुद्धमै रहेका बेला दाङबाट देउवासँग टेलिफोनमा कुरा भएको थियो, देशलाई शान्ति प्रक्रियामा लैजाउ भनेर कुरा भएको त्यसपछि शान्ति प्रक्रिया अगाडि बढेको हो। उतिबेलादेखि नै माओवादी र कांग्रेसबीच सहकार्य भएको हो।'

उहाँले दुईतिहाइको सरकारको नेतृत्व गरेको तत्कालीन ओली सरकारले संविधान च्यातेको आरोप लगाउनुभयो। उहाँले भन्नुभयो, ँदुईपटक संसद् विघटन गर्ने ओली अहिले बहुमत चाहियो भनिरहेका छन् । फेरि किन बहुमत चाहिएको हो ? फेरि किन दिने संविधान मिच्न ? अधिकार कुन्ठित गर्न भोट दिनुपर्ने हो भनेर प्रतिप्रश्न गर्नुपर्छ।' उहाँलेसुदूरपश्चिमको जीवनस्तर माथि उकास्नसुदूरपश्चिमलाईप्राथमिकतामा राखेर बजेट बनाइने बताउनुभयो।

बैतडीमा कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादी संयुक्तरूपमा गठबन्धन गरेर चुनावी मैदानमा रहेका छन्। गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका लागि माओवादी केन्द्रका पोलिटब्यूरो सदस्य नरेन्द्रबहादुर कुँवर (विजयसुन्दर) चुनावी मैदानमा रहनुभएको छ। प्रदेशसभा (१) मा कांग्रेसका वीरबहादुर विष्ट र प्रदेशसभा (२)मा कांग्रेसका शिवराज भट्ट चुनावी मैदानमा हुनुहुन्छ।रासस

# यस्तो छ उम्मेदवारका चुनावी 'एजेन्डा'

काठमाण्डु । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन आउन केही दिनमात्रै बाँकी छ । आफ्नो चुनावी 'एजेन्डा' बोकेर उम्मेदवारहरू मत माग्न जनताको घरदैलोमा पुगिरहेका छन् । आगामी निर्वाचनमा मुख्य प्रतिस्पर्धा ठूला राजनीतिक दलबीच नै हुने देखिन्छ। यद्यपि स्वतन्त्र रूपमा उम्मेदवारी दिनेको सङ्ख्या पनि कम छैन।

काठमाडौँ क्षेत्र नं -७ मा प्रतिनिधिसभा सदस्यमा विभिन्न राजनीतिक दलका तर्फबाट १३ र १६ जनाको स्वतन्त्र उम्मेदवारी परेको छ । सो क्षेत्रमा सत्ता गठबन्धबाट अस्मिता सिंह (मानुषी) यमी भट्टराई नेकपा (माओवादी केन्द्र) को चुनाव चिह्न लिएर मैदानमा हुनुहुन्छ। नेकपा (एमाले) बाट श्यामकुमार घिमिरे उम्मेदवार हुनुहुन्छ । यमीलाई नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी) को समर्थन छ।

सो क्षेत्रमा विसं २०७४ निर्वाचनमा नेकपा (एमाले) बाट रामवीर मानन्धर निर्वाचित हुनभएको थियो। उहाँले आठ हजार २३ मतान्तरले राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार विक्रमबहादुर थापालाई पराजित गर्दै १८ हजार एक सय दुई मत प्राप्त गर्नुभएको थियो । तीव्र आर्थिक विकासका लागि लगानीमैत्री वातावरण बनाउने र प्रबर्द्धनमा सहजीकरण गर्ने अठोटका साथ गठबन्धनका उम्मेदवार मानुषी अघि बढ्नुभएको छ। कुल गार्हस्थ्य बचत वृद्धि गरी लगानीतर्फ प्रोत्साहन गर्ने उहाँको चुनावी प्रमुख एजेन्डा रहेको छ।

यसपटक पूर्व सांसद मानन्धर स्वतन्त्र रूपमा घण्टाघर चुनाव लिएर चुनावी मैदानमा हुनुहुन्छ । ०७४ सालको निर्वाचनमा निर्वाचित उहाँ मानन्धर आफूले सुरु गरेर पूरा गर्न नभ्याएका बाँकी विकासका योजना पूरा गर्न पुनः उम्मेदवारी दिएको बताउनुहुन्छ । उहाँ आफ्नो जित कायम राख्ने कसरतमा हुनुहुन्छ । सो क्षेत्रमा तीन उम्मेदवारबीच मुख्य प्रतिस्पर्धा हुने देखिएको छ।

एमाले उम्मेदवार घिमिरे कला, संस्कृतिको संरक्षण गर्दै पर्यटकीय विकासका योजनालाई अघि बढाउने एजेन्डासहित चुनावमा होमिनुभएको छ। त्यस्तै,सो निर्वाचन क्षेत्रमा १० वडा समेटिएका छन् । ती मध्ये काठमाडौँ महानगरपालिकाका चार, नार्गाजुन नगरपालिकाका तीन र तारकेश्वर नगरपालिकाका तीन वडाहरू रहेका छन्।

गत स्थानीय तहको निर्वाचनको नतिजाअनुसार काठमाडौँ महानगरको १६, १७ र २५ सोही क्षेत्रअन्तर्गत पर्ने नागार्जुन नपा-१ र तारकेश्वर-५ मा कांग्रेसले जित हासिल गरेको छ। एमालेले काठमाडौँ महानगरअन्तर्गतका वडा नं १८, सोही निर्वाचन क्षेत्रअन्तर्गत पर्ने नागार्जुनको २, ३ र तारकेश्वरको वडा नं ४ मा जित हासिल गरेको छ। सो निर्वाचनमा कांग्रेसका वडाध्यक्षले १४ हजार एक सय ६७, एमालेका वडाध्यक्षले १२ हजार दुई सय दुई, नेकपा (माओवादी केन्द्र) ले पाँच सय ७६ र नेकपा (एकीकृत समाजवादी)ले तीन हजार ३८ मत प्राप्त गरेका छन्। स्थानीय तहको मतका आधारमा यो क्षेत्रमा सत्ता गठबन्धन नै बलियो देखिन्छ।रासस

# अवसरसहितको चुनौतीमा पूर्वप्रधानमन्त्री खनाल

झापा । नेकपा (एकीकृत समाजवादी) का सम्मानित नेता झलनाथ खनाल आसन्न प्रतिनिधिसभा निर्वाचनमा सत्तारूढ गठबन्धन दलका तर्फबाट इलाम निर्वाचन क्षेत्र नम्बर १ का प्रत्याशी हुनुहुन्छ। उहाँसँगै नेकपा (एमाले) बाट महेश बस्नेत प्रतिस्पर्धामा रहनुभएको छ।

उहाँ इलामबाट सातौँ पटक चुनाव लड्दै हुनुहुन्छ । छ पटक विजयी भइसक्नुभएका खनाल एकपटक कांग्रेसका उम्मेद्वार बेनुपराजप्रसाईंसँगपराजित हुनुभएको थियो। विसं २०४८ पछिका छ मध्ये पाँचवटा चुनाव जित्नुभएका उहाँ छैटौँ जितको प्रतीक्षामा हुनुहुन्छ।

विसं २०४८ को आमनिर्वाचन विजयी बन्दै संसद् भवन छिर्ने अवसर पाउनुभएका नेता खनाल त्यसयता २०५१ को मध्यावधि निर्वाचन, २०६४ सालको पहिलो संविधानसभा निर्वाचन, २०७० को दोस्रो संविधानसभा निर्वाचन र २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा विजयी हुनुभएको थियो। उहाँ २०५६ को प्रतिनिधिसभा सदस्यको निर्वाचनमा मा पराजित हुनुभएको थियो।

विसं २०७४ को चुनावमा नेपाली कांग्रेसका भुपेन्द्र कट्टेललाई १७ हजारभन्दा बढी मतान्तरले पराजित गर्नुभएका खनाललाई यस पटक तिनै उम्मेद्वारसहित दलको साथ रहेको छ। पूर्व सहकर्मी तथा हाल एमाले जिल्ला अध्यक्ष बस्नेतसँगको भीडन्त खनालका लागि उति सहज भने पक्कै छैन । नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) लगायतका दलको साथ खनाललाई छ।

नेता खनालले यो आफ्नो अन्तिम प्रतिस्पर्धा भएको बताइसक्नुभएको छ। इलाममा जन्मिनुभएका उहाँ २०४६ को जनआन्दोलनपछिको अन्तरिम सरकारमा वन तथा वातावरणमन्त्री हुनुभयो। विसं २०५३ मा सूचना तथा सञ्चारमन्त्री बन्नुभएका उहाँ २०६७ माघ २० गते प्रधानमन्त्री बन्नुभयो।रासस

# रहेनन् प्रदेश नं १ का मन्त्री थापा

विराटनगर । प्रदेश नं १ का वन, पर्यटन तथा भू-संरक्षणमन्त्री एवं मोरङ क्षेत्र नं ३ '१'का प्रदेशसभाका उम्मेदवार शेखरचन्द्र थापाको उपचारका क्रममा वुधवार विराटनगरमा निधन भएको छ।उहाँको विराटनगरस्थित नोवेल शिक्षण अस्पतालमा उपचारका क्रममा निधन भएको नेपाली कांग्रेस मोरङका सचिव मोदराज घिमिरेले जानकारी दिनुभयो।

मोरङको पथरीशनिश्चरे नगरपालिका-८ सखराका बासिन्दा ५८ वर्षीय थापाले गत असोज २३ गते निर्वाचनको मनोनयन दर्तापश्चात् स्वास्थ्यमा समस्या देखिएको थियो । थापाको स्वास्थ्यमा निमोनिया र पायल्ससमेत देखिएपछि उपचारका काठमाडौँको ह्याम्स अस्पताल लगिएको थियो।

उहाँलाई स्वास्थ्य अवस्था सामान्य बन्दै गएपछि विराटनगर ल्याइएको थियो। उहाँको श्वासप्रश्वासमा समस्या भएपछि पुनः सोमबार उपचारका लागि नोबेल अस्पतालमा भर्ना गरिएको थियो।

थापाका श्रीमती, एक छोरा र एक छोरी छन् । थापाको पथरीशनिश्चरे-८ घाटमा वुधवार दाहसंस्कार गर्ने पार्टी सचिव घिमिरेले जानकारी दिनुभयो । यसैवीच मोरङ क्षेत्र नं ३ 'क'को निर्वाचन कार्यक्रम स्थगित नहुने प्रदेश नं १ निर्वाचन कार्यालय विराटनगरले जनाएको छ।रासस


Madhesh Provincial Government

## Ministry of Home and Communication,

Janakpurdham, Dhanusha

**Invitation for Online Bids**

**Notice publication date : 2079/07/24(10th November, 2022)**

The ministry of home and communication, Madhesh Pradesh, Janakpurdham,Dhanusha invites electronic bids from Nepalese eligible bidders for the following projects under online bids procedures. Eligible bidders may obtain the further information office / ministry during the office hour or bidders may visti the office website-www.moiac.madhesh.gov.np or bolpatra.gov.np/egp. Only online bids will be accepted.

| S. N. | Name of ministry | IFB No/Notice No. | Job Description | Date of publication / time | Last date of bid submission / time | Estimated ammount | Bid documents amount | Bid Security amount |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Ministry of home and communication , Madhesh, Pradesh, Janakpurdham | MOHCMP/ NCB/ WORKS/ 2079-080/02 | Construction of Shed type Barrack, Toilet and Septic tank & Soak pit at Armed Police force Nepal, BOP samsi, Mahottari | 2079-07-24 (10th November, 2022) / 10:00AM | 2079-08-25 (11th, December, 2022)/12:00PM | 49,99,964.37 with VAT | 3000/- | Rs.1,30,000/- |
| Bank detail & Address of Bank | | | Name of the Bank: Rastriya Banijya Bank Ltd.<br>Name of Office: Ministry of Internal Affairs and Communication, Madhesh, Pradesh<br>Office Code no: 3140017012<br>Office Account no: KA-11001 | | Rajaswa (revenue) Shirshak no.: 14229<br>Bank Address:Janakpurdham.<br>Account Name: Ministry of internal affairs and communication<br>Account Number: 1220100202030000 | | | |

# आईएमएफले बङ्गलादेशलाई चार अर्ब ५० करोड अमेरिकी डलर सहयोग गर्ने

**सिन्ह्वा**

ढाका । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले बङ्गलादेशलाई ऊर्जा र खाद्यान्नको बढ्दो मूल्यसँग जुध्न चार अर्ब ५० करोड अमेरिकी डलरको सहायता प्याकेज उपलब्ध गराउने प्रारम्भिक सम्झौता गरेको जनाएको छ ।

रूसले युक्रेनमाथि गरेको आक्रमणपछि मूल्यमा भएको तीव्र वृद्धिका कारण अन्य एसियाली अर्थतन्त्रसँग मिल्दोजुल्दो बङ्गलादेश पनि प्रभावित भएको छ । करिब १७ करोड जनसङ्ख्या भएको दक्षिण एसियाली राष्ट्रले यस वर्षको सुरुमा आईएमएफसँग सहयोगका लागि सम्पर्क गरेको थियो ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को एक प्रतिनिधिमण्डल र ढाकाका प्रतिनिधिबीच बङ्गलादेशको आर्थिक नीतिलाई सहयोग गर्न कर्मचारीस्तरीय सम्झौता भएको र विभिन्न सुविधाअन्तर्गत कूल ४.५ अर्ब अमेरिकी डलर बराबरको सम्झौता भएको अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

बङ्गलादेशले अन्तर्राष्ट्रिय मुद्रा कोषको ऋणलाई आफ्नो विदेशी विनिमय सञ्चिति बढाउन प्रयोग गर्ने योजना बनाएको छ, जुन ४६ अर्ब डलरबाट ३४ अर्ब डलरमा झरेको छ । हालैका महिनाहरूमा बङ्गलादेशी मुद्रा (टाका) को मूल्य २५ प्रतिशतले घटेको छ, जबकि आधिकारिक तथ्याङ्कअनुसार मुद्रास्फीति १० प्रतिशतको नजिक पुगेको छ । स्वतन्त्र अर्थशास्त्रीहरूले वास्तविक आँकडा २० प्रतिशतको नजिक रहेको बताएका छन् ।

आर्थिक सङ्कटका कारण घरायसी बजेटमा ठूलो असर परेको छ र सरकारले जनताको असन्तोषलाई दबाउन चामललगायत धेरै मुख्य खाद्य पदार्थको मूल्य निर्धारण गर्ने प्रतिबद्धता जनाएको छ ।

आईएमएफका टिम लिडर राहुल आनन्दले भन्नुभयो, "युक्रेनमा रूसको युद्धका कारण महामारीबाट बङ्गलादेशको बलियो आर्थिक पुनरूत्थान अवरुद्ध भएको छ । जसले गर्दा चालू खाता घाटा तीव्र रूपमा बढेको छ, विदेशी मुद्रा सञ्चितिमा तीव्र गिरावट आएको छ, बढ्दो मुद्रास्फीति र सुस्त आर्थिक वृद्धि भएको छ ।

'बङ्गलादेशले यी तात्कालिक चुनौतीहरूको सामना गरिरहेको भए तापनि जलवायु परिवर्तनबाट समष्टिगत आर्थिक स्थिरताका लागि खतराहरूसहित लामो समयदेखिको संरचनात्मक मुद्दाहरूलाई सम्बोधन गर्नु महत्वपूर्ण छ,' उहाँले भन्नुभयो ।

# पाकिस्तान १३ वर्षपछि टी–२० विश्वकपको फाइनलमा

**एजेन्सी**

जनकपुरधाम । पाकिस्तान आइसिसी पुरूष टी-२० विश्वकपको फाइनलमा प्रवेश गरेको छ । सिड्नीमा बुधबार भएको पहिलो सेमिफाइनलमा न्यूजिल्याण्डलाई ७ विकेटले हराउँदै पाकिस्तान तेस्रो पटक विश्वकपको उपाधि नजिक पुगेको हो।

न्यूजिल्याण्डले दिएको १५३ रनको मध्यम लक्ष्य पाकिस्तानले ५ बल बाँकी हुँदा मात्र ३ विकेट गुमाएर पुरा गर्‍यो। पाकिस्तानको जितमा कप्तान बाबर अजाम र मोहम्मद रिजवानले उत्कृष्ट पारी खेले। पहिलो विकेटका लागि सतकीय साझेदारी गरेका कप्तान बाबर अजामले ४२ बलमा ७ चौकासहित ५३ रन बनाए। पहिलो बलमै जीवनदान पाएका बाबरले ३८ बलमा ७ चौकासहित ५० रन पुर्‍याएका थिए । रिजवानले ४३ बलमा ५ चौकासहित ५७ रन बनाए। रिजवानले ३६ बलमा ५ चौकासहित ५० पुरा गरेका हुन्। यस्तै हरिश रौफले २६ बल खेल्दै १ छक्का र २ चौकासहित ३० रन बनाए। सान मसुदले ३ रन बनाए।



त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको न्यूजिल्याण्डले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै १५२ रन बनायो। उसका लागि ड्यारेल मिचेलले सर्वाधिक ५३ रन बनाए। उनले ३५ बलमा १ छक्का र ३ चौका प्रहार गरे।

यस्तै कप्तान केन विलियम्सनले ४६ रन जोडे। ४२ बल खेलेका उनले १ छक्का र १ चौका प्रहार गरेका थिए। फिन आलेनले ४ रन बनाउँदा ग्लिन फिलिप्सले ६ रन जोडे। यस्तै जामेश निसामले १२ बलमा १६ रन बनाए । पाकिस्तानका लागि शहिन साह अफ्रिदीले २ तथा मोहम्मद नवाजले १ विकेट लिए। भाग्यको साथ पाएको पाकिस्तानलाई १३ वर्षपछि पुनः टी-२० विश्वकपको उपाधि जित्ने मौका आएको छ।

अष्ट्रेलिया र न्यूजिल्याण्डले संयुक्त रूपमा आयोजना गरेको सन् १९९२ को एकदिवसीय विश्वकपकै लय दोहोर्‍याएर पाकिस्तान अष्ट्रेलियामै जारी विश्वकपको फाइनलमा पुगेको छ। उक्त विश्वकपमा निकै खराब सुरुवात गरेको पाकिस्तानलाई भाग्यले साथ दिएपछि अन्ततः उपाधि नै चुम्न सफल भएको थियो। यसपालि पनि पाकिस्तानले त्यहीँ इतिहास दोहोर्‍याउने मौका पाएको छ।

जारी विश्वकपको सबैभन्दा भाग्यमानी टोली पाकिस्तान सुरूआती दुई खेलमा पराजित भएपछि लगभग सेमिफाइनल दौडबाट बाहिरिएको थियो। पहिलो खेलमा भारतसँग चार विकेट र दोस्रो खेलमा जिम्बावेसँग १ रनले पराजित भएपछि पाकिस्तानको तिब्र आलोचनासमेत भएको थियो। यसरी सुपर १२ बाट आउट हुनै लागेको पाकिस्तानले अविश्वसनीय पुनरागमन गर्दै सेमिफाइनलमा स्थान पक्का गर्‍यो।

त्यसो त पाकिस्तानको यो पुनरागमनमा उसको आफ्नै खेल मात्र नभएर नेदरल्यान्डसको महत्वपूर्ण भूमिका रह्यो। नेदरल्यान्डले दक्षिण अफ्रिकाविरूद्ध स्तब्ध नतिजा ननिकालेको भए पाकिस्तानले कराँचीको टिकट काटिसक्नुपर्थ्यो। तर अन्तिम खेलमा दक्षिण अफ्रिका नेदरल्यान्ड्ससँग १३ रनले स्तब्ध भएपछि पाकिस्तान नाटकीय रुपमा सेमिफाइनलमा पुगेको थियो।

सेमिफाइनलमा न्यूजिल्याण्डमाथि सानदार जित निकाल्दै पाकिस्तान सन् २००९ को विश्वकपपछि पहिलो पटक फाइनल खेल्न लागेको हो।

पाकिस्तानले २००९ को विश्वकपमा श्रीलंकालाई ८ विकेटले हराउँदै विश्वकप ट्रफी उचालेको थियो। त्यसपछि पाकिस्तान लगातार पाँचौ पटक फाइनलमा पुग्न सकेको थिएन।

त्यसअघि सन् २००७ मा दक्षिण अफ्रिकामा भएको पहिलो संस्करणको फाइनलमा पनि पाकिस्तान भारतसँग पाँच रनले पराजित भएको थियो। सन् २०१० को टी२० विश्वकपको सेमिफाइनलमा अष्ट्रेलियासँग तीन विकेटले पराजित भएको पाकिस्तानले गत वर्षको विश्वकपमा पनि अष्ट्रेलियासँग ५ विकेटले सेमिफाइनलमै पराजित भएर बाहिरिएको थियो।

# फ्रान्सेली 'क्याथोलिक चर्च' : तीन लाख तीस हजार बाल यौन दुर्व्यवहारको शिकार

**एपी**

पेरिस । फ्रान्सेली क्याथोलिक चर्चले विभिन्न कालखण्डमा बाल यौन दुर्व्ययवहार भएका स्वीकार गरेको छ । अठत्तर वर्षीय पादरी जीन-पियरले ३५ वर्षअघि एक जना १४ वर्षीया किशोरीलाई दुर्व्ययवहार गरेको स्वीकार गरेपछि ईश्वरका घरमा भएका ती निन्दनीय कृत्य सार्वजनिक भएका हुन् ।

दक्षिणपश्चिमी फ्रान्सको बोर्डोको आर्कबिशपले 'पैतीस वर्षअघि म पादरी हुँदा १४ वर्षकी युवतीसँग मैले निन्दनीय व्यवहार गरेको थिएँ । मेरो व्यवहारले पीडितमा गम्भीर एवम् अप्रिय परिणाम निम्त्याएको छ,' उनले लिखित स्वीकारोक्तिमा भनेका छन् । उनले पीडितसँग कुरा गरेको क्षमा याचना गरेको पनि बताएका छन् । आफूबाट भएको अपराधका निम्ति उनले अन्य सबैसँग पनि माफी मागेका छन् ।

गत वर्ष एक स्वतन्त्र आयोगद्वारा जारी गरिएको एक अध्ययनले बितेका ७० वर्षमा फ्रान्समा पादरी वा चर्च-सम्बन्धित अन्य व्यक्तिले तीन लाख ३० हजार बाल यौन दुर्व्यवहार गरेको खुलासा भएपछि धार्मिक कर्तव्यबाटच्युत हुनेविरुद्ध निगरानी थालिएको छ भने गिर्जाघरहरूमा पनि नियमितरूपमा कानुन कार्यान्वयन निकायबाट अनुगमन हुने गरेको छ ।

फ्रान्सेली विशप सम्मेलनका अध्यक्ष एरिक डे मौलिन्स-ब्युफोर्टले बहालवाला विशप र पूर्वविशप, फ्रान्सेली न्याय वा चर्च अधिकारीहरूले अनुसन्धान गरेका विभिन्न घटनाहरूमा यौन दुर्व्यवहारका घटना अधिक भेटिएका बताएका छन् । बाल यौन दुर्व्यवहारका पीडितहरूलाई आर्थिक क्षतिपूर्तिको व्यवस्था पनि हुन थालेको उनले बताए ।

फ्रान्सको नेशनल इन्स्टिच्युट अफ हेल्थ एण्ड मेडिकल रिसर्चले बालबालिकामाथि हुने यौन दुर्व्यवहारका घटनाको अनुसन्धानमा पनि पीडितहरूको मानसिक स्वास्थ्यमा नकारात्मक नतिजा पाइएको छ ।

# मेटाले ११ हजार कर्मचारी हटाउने

**सिन्ह्वा**

पेरिस । अमेरिकी प्रबिधि कम्पनी मेटाले ११ हजारभन्दा बढी कर्मचारीलाई हटाउने निर्णय गरेको छ । फेसबुकका संस्थापक मार्क जुकरबर्गले मेटाको इतिहासमा गरेको सबैभन्दा कठिन समयमा आफ्ना ११ हजारभन्दा बढी कर्मचारीलाई हटाउने बताउनुभएको हो ।

उहाँले भन्नुभयो, "कटौतीले सामाजिक सञ्जालमा खपत जनशक्तिको १३ प्रतिशत प्रतिनिधित्व गर्दछ र मेटावर्सका साथसाथै फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएपसहित यसका अनुप्रयोगहरूमा केन्द्रित यसको अनुसन्धान प्रयोगशालालाई असर पार्नेछ।

प्रबिधि उद्योग गम्भीर मन्दीमा छ र धेरै प्रमुख फर्महरूले सामूहिक काँटछाँटको घोषणा गरेका छन् । ट्वीटरका नयाँ मालिक एलन मस्कले आफ्ना आधा कर्मचारीहरूलाई बर्खास्त गरको खबर आएको गत हप्तामा अर्को सामाजिक सञ्जाल सञ्चालकले कर्मचारी कटौतीको निर्णय गरेको हो ।

जुकरबर्गले कर्मचारीहरूलाई लेखेको नोटमा भन्नुभएको छ, "हामी कसरी यो निर्णय गर्न पुग्यौं यसका लागि निर्णयहरूको लागि जवाफदेहिता लिन चाहन्छु । उहाँले भन्नुभयो, "मलाई थाहा छ, यो सबैका लागि कठिन छ, र म विशेष गरी प्रभावित व्यक्तिहरूसँग क्षमा प्रार्थी छु ।'

फेसबुक र गुगल जस्ता विज्ञापन समर्थित प्लेटफर्महरू विज्ञापनदाताहरूले लागत घटाउन खोजिरहेका छन् किनकि उनीहरू मुद्रास्फीति र बढ्दो ब्याज दरसँग सङ्घर्ष गरिरहेका छन् । जुकरबर्गले कर्मचारीहरूसँग कोभिड महामारीको समयमा ई-वाणिज्य र अनलाइन गतिविधिमा वृद्धि जारी रहने आशा गरेको बताउँदै भन्नुभयो, "मैले यो गलत पाएँ, र म यसको जिम्मेवारी लिन्छु ।' 'भर्चुअल रियालिटी हेडसेट'मार्फत् पहुँच पाएको वेबको नयाँ संस्करण मेटावर्सको विकासका लागि अर्बौं डलर खर्च गर्ने जुकरबर्गको निर्णयप्रति लगानीकर्ताहरू चिन्तित भएका छन् ।

जुकरबर्गले परियोजनाको प्रतिबद्धता प्रतिबिम्बित गर्न एक वर्ष पहिले कम्पनीको नाम मेटामा परिवर्तन गर्नुभएको थियो तर मेटावर्स प्रबिधिमा काम गर्ने विभाजनले त्यसपछि ३.५ अर्ब अमेरिकी डलर भन्दा बढीको घाटा बेहोरेको छ ।

उहाँले यस वर्ष धेरै पटक सङ्केत गर्नुभएको तर आर्थिक रूपमा सङ्घर्ष गर्ने सम्भावित उपायहरूले समस्या टार्न नसक्ने देखिएपछि बुधवार आफ्नो पत्रमा कर्मचारी कटौती 'अन्तिम उपाय' भएको बताउनुभएको हो ।

# ब्रसेल्सले युक्रेनलाई थप १८ अर्ब युरोको ऋण सहायता दिने प्रस्ताव

**सिन्ह्वा**

ब्रसेल्स । ब्रसेल्सले युक्रेनलाई १८ अर्ब युरोको सहायता दिने प्रस्ताव गरेको छ । युरोपेली आयोगले सन् २०२३ सम्ममा युक्रेनलाई प्राप्त गर्न १८ अर्ब युरो (करिब १८ अर्ब अमेरिकी डलर) को आर्थिक सहायता प्याकेजको विवरण बुधबार सार्वजनिक गरेको हो ।

यस योजना अन्तर्गत, यूरो समूहले किभलाई प्रति महिना १.५ अर्ब यूरो ऋणको रूपमा पठाउनेछ । उक्त रकम ब्याज भुक्तानीको साथ युरोपेली सङ्घले असुल गर्नेछ ।

गत फेब्रुअरी २४ मा रूसले युक्रेनमाथि आक्रमण शुरू गरेको थियो । उक्त युद्धका कारण युक्रेनसँगै विश्वभर आर्थिक समस्या देखिएपछि मार्च २९ मा टर्कीको इस्तानबुलमा संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा रूस र युक्रेनकाबीच प्रत्यक्ष वार्ता भएको थियो । बार्तामा खाद्यान्नलगायतका अत्यावश्यक सामाग्रीलाई आपुर्तिमा अवरोध नगर्ने सहमति भएको थियो ।

# कोरियामा एकैदिन ६२ हजारभन्दा बढी कोभिड सङ्क्रमित

**सिन्ह्वा**

सोल । दक्षिण कोरियामा कोभिड १९ का सङ्क्रमितहरुको सङ्ख्या बढेको यहाँका स्वास्थ्य अधिकारीहरुले जानकारी दिएका छन् । स्वास्थ्य अधिकारीअनुसार गएको २४ घन्टा यता यहाँ ६२ हजारजना भन्दा बढी सङ्क्रमित भेटिएका छन् ।

यहाँ गएको २४ घन्टा यता ६२ हजार चार सय ७२ जना सङ्क्रमित थपिएका छन् । अघिल्लो दिन अर्थात् सोमबार यहाँ ६२ हजार दुई सय ७३ जना रहकामा मङ्गलबार ती सङ्क्रमित थपिएका हुन् ।

यहाँ कोभिड महामारी सुरु भएयता दुई करोड ५९ लाख ८१ हजारजना भन्दा बढी सङ्क्रमित भेटिएका समाचारमा जनाइएको छ ।

यहाँको रोग नियन्त्रण तथा निवारण निकायका अनुसार अघिल्लो हप्ताका तुलनामा मङ्गलबार सङ्क्रमित बढेका छन् ।अघिल्लो हप्तामा यहाँ बढीमा ५४ हजारमा मात्र संक्रमण देखिएको थियो ।

यहाँ पछिल्लो दिनमा ५९ जनाको यही सङ्क्रमणबाट ज्यान गएको छ ।

दक्षिण कोरियामा अहिलेसम्म कोभिडको सङ्क्रमणबाट ज्यान जाने व्यक्तिको सङ्ख्या २९ हजार चार सयभन्दा बढी रहेको बताइएको छ ।

# महिला साफ यु-१५: भुटानमाथि नेपालको कठिन जित

**टुडे समाचारदाता**

काठमाण्डु । बंगलादेशमा जारी साफ यु-१५ महिला च्याम्पियनसिपमा लगातार तेस्रो जित निकाल्दै नेपाल उपाधि नजिक पुगेको छ। बुधबार भएको आफ्नो तेस्रो खेलमा कमजोर प्रतिद्वन्द्वी भुटानमाथि १-० को संघर्षपूर्ण जित निकाल्दै नेपालले ३ खेलबाट ९ अंक जोड्दै शीर्ष स्थानमा कायमै रहेको हो।

बंगलादेशको ढाकास्थित बीएसएसएसएमके स्टेडियममा नेपाललाई जिताउन सेनु परियारले निर्णायक गोल गरिन्।पहिलो हाफसम्म गोलरहित बराबरी रहेको खेलको ४९ औं मिनेटमा सेनुले गोल गरेकी हुन्।

भुटानमाथि लिगको पहिलो खेलमा ७-० को फराकिलो जित निकालेको नेपालले आज दोस्रो खेलमा कठिन जित निकाल्यो । यो जितसँगै नेपालको ३ खेलबाट ९ अंक पुगेको छ। समान खेलबाटै घरेलु टोली बंगलादेशको ६ अंक छ। लगातार चौथो खेलमा हार भोगेको भुटान गोल र अंकविहीन हुँदै बाहिरिएको छ । अब नेपाललाई च्याम्पियन बन्न अन्तिम खेलमा




बंगलादेशविरूद्ध बराबरीको नतिजा नै पर्याप्त हुनेछ। नेपाल र बंगलादेशबीचको खेल शुक्रबार हुनेछ । तीन राष्ट्रले मात्र सहभागिता जनाएको प्रतियोगिता डबल राउन्ड रोबिन पद्दतिमा भइरहेको छ। लिगको अन्त्यमा सबैभन्दा बढी अंक पाउने टोली विजेता बन्नेछ ।

# उत्तर कोरियाद्वारा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार

**एएफपी**

सोल । उत्तर कोरियाले बुधबार ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको सोलका सेनाले जनाएको छ । यो क्षेप्यास्त्र संयुक्त राज्य अमेरिकाको सदन र सिनेटको लागि मध्यावधि चुनावमा मत गणना भइरहेको अवस्थामा भएको जनाइएको छ ।

उत्तर कोरियाले दक्षिण प्योन्गान प्रान्तको सुकचोनबाट पूर्वी समुद्र अर्थात जापानको सागरमा स्थानीय समयअनुसार बुधबार दिउँसो १५:३१ छोटो दूरीको ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको सैनिक स्रोतले जानकारी दिएको छ। यस क्षेप्यात्र प्रहारको जापानले पनि पुष्टि गरेको छ । जापान सरकारले ट्विट गर्दै प्योङ्याङले 'संदिग्ध ब्यालेस्टिक क्षेप्यास्त्र' प्रक्षेपण गरेको जनाएको छ । यस महिनाको सुरुमा पनि उत्तर कोरियाले एक अन्तरमहादेशीय ब्यालिस्टिक क्षेप्यास्त्रसहित प्रहार गरेको थियो ।

# रुसी सेना फिर्ता भएपछि मात्र वार्ता- युक्रेन

**सिन्ह्वा**

किभ । रुसले युक्रेनबाट आफ्ना सेना फिर्ता गरेपछि मात्र रुससँग वार्ता गरिने जनाएको छ । युक्रेनले पहिलेदेखि राख्दै आएका यो अडान मङ्गलबार पनि पुनः दोहोर्‍याएको छ ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलिन्स्कीका सल्लाहकार मिखाइलो पोदोलियाकले सो कुराको जानकारी दिनुभएको युक्रेनी मिडियाले जनाएका छन् ।इटालीको एक दैनिक पत्रिका ला रिपब्लिाकालाई दिनुभएको अन्तर्वार्तामा उहाँले सो कुरा बताउनुभएको हो । उहाँले युक्रेन रुससँग वार्तामा बस्नका लागि पनि उसका सबै सेनाको फिर्ता पहिलो सर्त हो भन्नुभएको युक्रेनी राष्ट्रपतिको प्रेस सचिवालयले जानकारी दिएको छ ।

हाल रुसले युक्रेनमा एक प्रकारको युद्धविराम जस्तो गरेको र त्यो युद्धविरामको अवस्था उसले आफ्नो शक्ति थप सञ्चय गर्ने काममा पनि दुरुपयोग गर्न सक्ने भन्दै सल्लाहकार मिखाइलोले यदि रुससँग वार्ता गर्ने हो भने त्यस अगावै उसले आफ्ना सबै सेना युक्रेनबाट फिर्ता गरिसक्नुपर्छ भन्नुभयो ।

हालैमात्र युक्रेनका विषयमा संयुक्त राज्य अमेरिका र रुसका रक्षामन्त्रीका बीचमा कुराकानी भइरहेको भन्ने समाचारको पनि उहाँले सो अन्तर्वार्तामा खण्डन गर्नुभएको छ।

उहाँले युक्रेनको विषयलाई लिएर अहिले रुस र कुनै पनि पश्चिमा देशसँग छलफल र निर्णय नभएको पनि स्पष्ट गर्नुभएको थियो । उहाँले युक्रेनको सहभागिता र सहमति बिना युक्रेनका बारेमा कहीँपनि कुनै निर्णय हुन नसक्ने र युक्रेनी जनताले पनि आफ्ना बारेमा अरु कसैले गर्ने निर्णयलाई नमान्ने पनि स्पष्ट गर्नुभएको थियो ।

गत फेब्रुअरी २४ मा रुसले युक्रेनमाथि आक्रमण गरेको थियो । त्यसपछि मार्च २९ मा टर्कीको इस्तानबुल सहरमा रुस र युक्रेनकाबीचमा प्रत्यक्ष वार्ता भएको थियो । त्यसयता यी दुई देशबीचमा प्रत्यक्ष रुपमा वार्ता हुन सकेको छैन ।

> ***युक्रेनका विषयमा संयुक्त राज्य अमेरिका र रुसका रक्षामन्त्रीका बीचमा कुराकानी भइरहेको भन्ने समाचारको पनि उहाँले सो अन्तर्वार्तामा खण्डन गर्नुभएको छ ।***

# एम्बुसमा यमनी जनरल मारिए

**सिन्ह्वा**



एडेन । अज्ञात बन्दुकधारीहरूले यमनको उत्तरपूर्वीमा पर्ने तेलको धनी प्रान्त मारिबमा मङ्गलबार एक जनरलको गोली हानी हत्या गरेको एक सुरक्षा अधिकारीले सिन्ह्वा समाचार समितिलाई जानकारी दिएका छन् ।

अन्तर्राष्ट्रिय मान्यता प्राप्त यमन सरकारका जनरल मारिएका समाचारमा जनाइएको छ । सरकार नियन्त्रित प्रान्त मारिबमा मास्क लगाएका बन्दुकधारीहरूले आफ्नो स्वचालित राइफलबाट गोली हानेर जनरल मोहम्मद अल-जरादी र उहाँका अंगरक्षकको हत्या गरेका एक अधिकारीले नाम नबताउने सर्तमा जानकारी दिएका छन् ।

अल-जरादी सहरमा आफ्नु कार्यबाट फर्कदै गर्दा बन्दुकधारीहरुले उनलाई बोकेको सैन्य गाडीमा बन्दुक प्रहार गरेका नाम बताउन नचाहाने ती अधिकारी जानकारी दिएका हुन् ।

अल-जरादी साउदी अरेबियासमर्थित यमनी सरकारी सेनाका एक वरिष्ठ कमाण्डर हुनुहुन्थ्यो । उहाँले व्यक्तिगत रूपमा विगतका वर्षहरुमा हुथी विद्रोहीविरुद्ध ठूलो मात्रामा सैन्य कारबाहीको नेतृत्व गर्दै आउनु भएको थियो ।

आक्रमणकारीहरु गोली चलाएर भाग्न सफल भएका थिए । स्थानीय सुरक्षाबलहरुले हत्याको अनुसन्धान सुरु गरिसकेका अधिकारीहरुले जानकारी दिएका छन् ।तेलको धनी प्रान्त मारिबलाई कब्जामा लिएर साउदी अरेबियासमर्थित यमनी सरकारी सेना र हुथी विद्रोही विद्रोहीबीच बारम्बार भीषण लडाईहरु भइरहेका छन् ।

यमनको सन् २०१४ अन्तमा गृहयुद्ध भड्कियो जब हुथी समूहले देशको उत्तरी धेरै भागमा आफ्नो नियन्त्रण कब्जा गर्यो र अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारलाई राजधानी सानाबाट बाहिर निकालेको थियो ।

# १९१७ बिन्दुमा झऱ्यो नेप्से, १ अर्ब ४० करोडको सेयर कारोबार

**टुडे समाचारदाता**

काठमाण्डु । बुधबार नेप्से परिसूचक ३९.१५ अंकले घटेको छ। वुधवार नेप्से २ प्रतिशतले घटेर १९१७.२२ बिन्दुमा पुगेर बन्द भएको हो। नेप्से परिसूचक घटेपनि आज कारोबार रकममा भने केही वृद्धि भएको छ । मंगलबार १ अर्ब ५ करोड ३१ लाख ३७ हजार ४६७ रुपैयाँ बराबरको कारोबार भएकोमा त्यो रकम बढेर आज १ अर्ब ४० करोड ७३ लाख ९५ हजार ४३६ रुपैयाँ पुगेको छ।

यस दिन २२३ वटा धितोपत्रको ३६ लाख ९७ हजार ७२३ कित्ता सेयर किनबेच भएको छ । बुधबार अपर हेवाखोला हाइड्रोपावरको सेयर मूल्य सर्वाधिक वृद्धि भएको छ। उक्त कम्पनीको सेयरमूल्य ७.४२ प्रतिशतले वृद्धि भएर प्रतिकित्ता मूल्य ३९१ रुपैयाँमा बन्द भएको छ।

त्यस्तै, नबिल ब्यालेन्सड् फण्डको इकाइ मूल्य ७.८५ प्रतिशतले बढेर प्रति इकाई मूल्य ७ रुपैयाँ ८५ पैसा कायम भएको छ । यस दिन सेयर मूल्य सर्वाधिक घट्नेमा एक्सेल डेभलपमेन्ट बैंक रहेको छ। उक्त कम्पनीको सेयर मूल्य ७.९५ प्रतिशतले घटेर प्रति कित्ता मूल्य ३०१ रुपैयाँमा झरेको छ । त्यस्तै, गुराँस लघुवित्तको सेयर मूल्य ७.६० प्रतिशतले घटेर प्रति कित्ता मूल्य ८२० रुपैयाँ कायम भएको छ।

यस दिन सर्वाधिक सेयर खरिद-बिक्री नेष्डो समृद्धि लघुवित्तको भएको छ। कम्पनीको ३ हजार २४४ रुपैयाँमा ६ करोड ७८ लाख रुपैयाँ बराबरको सेयर खरिद-बिक्री भएको हो । सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो सूचीमा शिवम् सिमेन्ट रहेको छ। उक्त कम्पनीको ६४५ रुपैयाँमा ६ करोड ८ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ।

त्यस्तै, वुधवार कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये सबै समूहको परिसूचक घट्दा समग्र नेप्से घटेको हो । यस दिन वित्त समूहको परिसूचक सर्वाधिक ४.७३ प्रतिशतले घटेको छ। त्यस्तै, विकास बैंक समूहको परिसूचक ३.१८ प्रतिशतले घटेको छ भने होटल्स तथा पर्यटन, जलविद्युत, उत्पादन तथा प्रशोधन, अन्य, लघुवित्त, जीवन बीमा र लगानी समूहको परिसूचक २ प्रतिशतभन्दा धेरैले घटेको छ।

# जलविद्युत् आयोजनाका लागि लगानी जुट्यो

म्याग्दी । धवलागिरि गाउँपालिका-४ भएर बग्ने म्याग्दी नदीमा निर्माण हुन लागेको म्याग्दीखोला जलविद्युत् आयोजनाका लागि लगानी जुटेको छ। हाइड्रो भिलेज प्रालिले बनाउन लागेको ५७.३ मेगावाट क्षमताको म्याग्दी खोला जलविद्युत् आयोजनामा पाँच कम्पनीले करिब रु आठ अर्ब लगानी गर्ने प्रतिबद्धता जनाएका हुन् ।

धवलागिरि गाउँपालिकाको जेल्तुङमा विद्युत्गृह र दोभानमा बाँध रहने आयोजनाले ६२६.५० मिटर हेड र म्याग्दी खोलाको १२.५० घनमिटर प्रतिसेकेण्ड बहाव प्रयोग गरी ५७.३ मेगावाट क्षमताको विद्युत् उत्पादन गर्नेछ । कुल रु १० अर्ब ७४ करोड लागत अनुमान गरिएको आयोजनामा नेपाल बैंकको अगुवाइमा मेगा बैंक, कृषि विकास बैंक, कर्मचारी सञ्चय कोष र नेपाल एसबिआई बैंकले लगानी सम्झौता भएको कम्पनीका निर्देशक सुशील पोखेलले जानकारी दिनुभयो ।

आयोजनामा वित्तीय संस्थाहरूबाट ७५ प्रतिशत (रु आठ अर्ब पाँच करोड ७० लाख) र स्वपूँजी २५ प्रतिशत (रु दुई अर्ब ६८ करोड ६०) लगानी हुनेछ। आयोजना क्षेत्रका बासिन्दा र सर्वसाधारणका लागि २० प्रतिशत लगानी छुट्याइएको छ ।

यसैगरी प्रत्यक्ष वैदेशिक लगानीका रूपमा मलेसियन कम्पनी एक्वा भेञ्चर्सको तथा स्वदेशी लगानीका रूपमा हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभेलपमेन्ट कम्पनी र ऊर्जा डेभलपर्स, सिम्रिक भेन्चर्स, बिजबेलसमेतको स्वपूँजी लगानी हुने कम्पनीले जनाएको छ ।

आयोजनाबाट स्थानीय निकायहरूसँगको सहकार्यमा पहुँचमार्ग र अन्य पूर्वाधार निर्माणकार्य प्रारम्भ गरिसकेको र आगामी सुक्खा यामदेखि मुख्य सिभिल संरचनाको निर्माण थालनी गरिने कम्पनीका निर्देशक पोखेलले बताउनुभयो । उहाँले निर्माण थालनी भएको ४० महिनाभित्र आयोजना सम्पन्न गर्ने जानकारी दिनुभयो ।

आयोजना सम्पन्न भएपछि सुक्यायाममा १०३.११ गिगावाट आवर (१०.३१ करोड युनिट) र वर्षायाममा २३२.८८ गिगावाट आवर (३२.२८ करोड युनिट) गरी वार्षिक ३३६ गिगावाट आवर (३३.६ करोड युनिट) विद्युत् उत्पादन हुने कम्पनीले जनाएको छ ।

उत्पादित विद्युत् आयोजनाको विद्युत्गृहदेखि करिब १७ किलोमिटर दूरीमा रहेको विद्युत् प्राधिकरणको निर्माणाधीन १३२-३३ केभी डाँडाखेत सबस्टेशनमा जोडिनेछ ।

म्याग्दी र आसापासका नदीहरूमा निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्न डाँडाखेत र राहुघाटमा सबस्टेशनका लागि प्रसारण लाइन निर्माण सुरु भएको छ ।रासस

# सहकारी सञ्चालक, ऋणी, व्यवस्थापक र कर्मचारीले १५ दिनभित्र दायित्व बुझाउनुपर्ने

काठमाण्डु । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीका सञ्चालक, ऋणी, व्यवस्थापक र कर्मचारीलाई तिर्नु बुझाउनुपर्ने ऋण र दायित्वको साँवा ब्याज बुझाउन १५ दिने सूचना जारी गरेको छ ।

समितिले पटकपटक सम्पर्क, पत्राचार र राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गर्दासमेत हालसम्म पनि संस्थालाई तिर्न बुझाउनुपर्ने ऋण र दायित्व बाँकी भएकाले १५ दिने सूचना सार्वजनिक गरिएको कार्यालय प्रमुख केशवप्रसाद पौडेलले राससलाई जानकारी दिनुभयो । पन्ध्र दिनभित्र तिर्नुपर्ने साँवा ब्याज नबुझाउने सहकारीका सञ्चालक, ऋणी, व्यवस्थापक र कर्मचारीलाई कानुनबमोजिम कारबाही गरिने भएको छ ।

सरकारले समस्याग्रस्त घोषणा गरेका स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, प्रभु वचत तथा ऋण सहकारी संस्था लिमिटेड, कन्जुमर वचत तथा ऋण सहकारी संस्था लिमिटेड, चार्टर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, स्ट्याण्डड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेड, लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड छन् ।

यसैगरी प्यासिफक सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लिमिटेड, कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, कुबेर वचत तथा ऋण सहकारी संस्था लिमिटेड, भेगास वचत तथा ऋण सहकारी संस्था लिमिटेड र सोसाइटल वचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेका छन् ।

सरकारले घोषणा गरेका समस्याग्रस्त सहकारीको व्यवस्थापन कार्यालयले नै गर्दै आएको जानकारी पनि समितिको सदस्य सचिवसमेत रहनुभएका कार्यालय प्रमख पौडेलले दिनुभयो ।

समस्याग्रस्त सहकारीका धेरैजसो वचतकर्तालाई रकम फिर्ता गरिएको समितिले जनाएको छ । बाँकीलाई पनि छिटो वचत फिर्ता गर्न कानुनबमोजिम कारबाहीको चरणमा प्रवेश गर्न बाध्य भएको उहाँले सुनाउनुभयो ।रासस

# सेगवेको ई११०एल स्कुटर नेपालमा सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । सेगवे-नाइनबोटले नेपालमा इन्टेलिजेन्ट इलेक्ट्रिक स्कुटर सेगवे ई११०एल सार्वजनिक गरेको छ।




यो स्कुटर मध्यदेखि लामो दूरीको यात्राको लागि अत्याधुनिक, कुशल इलेक्ट्रिक स्कुटर भएको कम्पनीले बताएको छ। यसमा विभिन्न इण्डष्ट्री लिडीङ उत्कृष्ट फिचरहरू समावेश गरिएकोले यसले प्रभावशाली प्रदर्शन प्रदान गर्छ।

यसमा २४०० वाटको अधिकतम मोटर पावर र ७२भि २४ए ब्याट्री क्षमता रहेकाले ११० किलोमिटर भन्दा बढीको यात्रा गर्न सकिन्छ। यो स्कुटरमा सञ्चालन इलेक्ट्रोनिक सिट लक, ब्याट्री कम्पार्टमेन्ट लक र टेलबक्सहरू सहित १०० प्रतिशत कीलेस छ।

यसले लन्चर एप र एड्मीन ड्यासबोर्डसँग कार्य गर्छ। जसले फ्लीट अपरेटरहरू र राइडरहरूलाई सजिलैसँग आफ्नो सवारी साधनहरू व्यवस्थापन गर्न र सवारी चलाउन सक्षम बनाउँछ।

यसमा भएको ड्राइभर अक्युपेन्सी डिटेक्शन सिस्टमले अटोमोटिभ ग्रेड टेक्नोलोजीको फाइदा लिएर असामान्य समाधानका साथ सवारलाई सचेत गराउने कम्पनीले बताएको छ।

यसको इलेक्ट्रोनिक पार्किङ मेकानिजमले चलिरहेको अवस्थामा अनपेक्षित रूपमा छोएर हुने दुर्घटनाहरूलाई रोक्छ।

त्यस्तै, यसमा भएको इन्टेलिजेन्ट इलेक्ट्रोनिक प्रणालीले आवश्यकता र व्यक्तित्व अनुरूप वाहन अडियो प्रणाली अनुकूलन गर्छ । कम्पनीका अनुसार यसमा भएको सेल्फ-डेभलप्ड ब्याट्री व्यवस्थापन प्रणालीले असामान्य तापक्रम सुरक्षा, भोल्टेज सुरक्षा, हट प्लग सुरक्षा र ओभर चार्ज सुरक्षा लगायतका फाइदाहरू प्रदान गर्दछ।

यो स्कुटरले फोन होल्डर र मिररलाई सुरक्षित गर्न र अनाधिकृत चालहरू रोक्नको लागि ई-लक सुविधा दिन्छ र पार्किङ गरेपछि तुरुन्तै सवारी साधनलाई सहज रूपमा लक गर्न सकिने समेत कम्पनीले बताएको छ ।

# एक हजार चार सयले बढ्यो सुनको मूल्य

काठमाण्डु । सुनचाँदी बजारमा वुधवार छापावाल सुनको मूल्य प्रतितोला रु एक हजार चार सयले बढेको छ । अधिल्लो दिन प्रतितोला रु ९४ हजारमा कारोबार भएको सुनको मूल्य वुधवार प्रतितोला रु ९५ हजार चार सय तोकिएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार वुधवार तेजाबी सुनको मूल्य प्रतितोला रु ९४ हजार नौ सय छ । यसको मूल्य अधिल्लो दिन प्रतितोला रु ९३ हजार पाँच सय थियो ।

त्यस्तै वुधवार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु ३० ले बढेर रु एक हजार दुई सय ९५ पुगेको महासङ्घले जनाएको छ । महासङ्घले अन्तरराष्ट्रिय बजारको सुन तथा चाँदीका कारोबार मूल्यका आधारमा यहाँ दैनिक मूल्य तोक्दै आएको छ ।रासस

# धानको समर्थन मूल्य तोकियो

काठमाण्डु । सरकारले धानको न्यूनतम समर्थन मूल्य निर्धारण गरेको छ । मन्त्रिपरिषद्को यही



कात्तिक १६ गतेको निर्णयानुसार चालु आर्थिक वर्ष २०७९/०८० का लागि मोटा धान प्रतिक्विन्टल रु दुई हजार नौ सय ६७ र मध्यम धान प्रतिक्विन्टल रु तीन हजार एक सय २८ तोकिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार गत आर्थिक वर्ष २०७८/०७९ को तुलनामा चालु आर्थिक वर्षमा धान खरिदका लागि तोकिएको समर्थन मूल्य मोटा धानमा प्रतिक्विन्टल रु दुई सय १५ र मध्यम धानमा प्रतिक्विन्टल रु दुई सय २६ ले बढी हो । गत आर्थिक वर्षमा सरकारले मोटा धानका लागि प्रतिक्विन्टल रु दुई हजार सात सय ५२ र मध्यम धानका लागि रु दुई हजार नौ सय दुई तोकेको थियो ।

सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले न्यूनतम समर्थन मूल्यअनुसार धान खरिद गर्नेछ । चालु आर्थिक वर्षमा तीन लाख मेट्रिक टन धान खरिद गर्ने सरकारी लक्ष्य छ ।

त्यसैगरी, न्यूनतम समर्थन मूल्यमा कृषि सहकारीमार्फत धान खरिद गर्नका लागि सरकारले चालु आर्थिक वर्षका लागि रु ३३ करोड विनियोजन गरेको छ । यद्यपि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत कृषि सहकारीका लागि तोकिएको न्यूनतम समर्थन मूल्यमा धान खरिदका लागि भने यो व्यवस्था लागु हुनेछैन ।

हाल स्वीकृत कार्यविधिअनुसार तोकिएको न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्ने कृषि सहकारीहरूलाई प्रतिक्विन्टल रु एक सय १२ खर्चसमेत उपलब्ध गराइने व्यवस्था रहेको छ । गत वर्ष यो कार्यक्रमअनुसार करिब नौ हजार मेट्रिक टन धान खरिद भएको कृषि मन्त्रालयले जनाएको छ ।रासस

# ११.११ अभियानको लागि हिमालयन बैंक लिमिटेड र दराज बीच सम्झौता




**टुडे समाचारदाता**

काठमाण्डु । हिमालयन बैंक लि. र अनलाइन सपिङ्ग पोर्टल दराज केयमु प्रा.लि. बीच बैंकका ग्राहकहरुलाई दराजको ११.११ अभियानमा छुट प्रदान गर्ने सम्झैता भएको छ । यो योजना कर्तिक २५ गते तदनुसार नोभेम्बर ११ गतेका दिन लागु हुनेछ ।

बैंकका ग्राहकहरुले दराजको ११.११ को अवधिमा अनलाइन सामान खरिद गर्दा आफ्नो डेबिट कार्ड मार्फत अग्रिम भुक्तानी गर्दा १५% वा अधिकतम रु. २५०० सम्मको छुट र क्रेडिट कार्ड मार्फत अग्रिम भुक्तानी गर्दा २०% वा अधिकतम रु. ३००० सम्मको छुट प्राप्त गर्न सक्नेछन् । उक्त छुट प्राप्त गर्नको लागि ग्राहकहरुले आफ्नो कार्ड ई–कमर्शको लागि सक्रिय गर्नु पर्नेछ । ग्राहकहरुले हिमालयन बैंकको मोबाइल बैंकिङ्गबाट आफैलेनै आफ्नो कार्डमा ई–कमर्श सक्रिय गर्ने सुविधा प्रदान गरेको छ । यी पूर्वभुक्तानी छुटहरु सिमित र छुटमा केहि शर्तहरु लागु हुने भएकोले दराजको ११.११ अभियान अन्तर्गत ग्राहकहरुले छुट प्राप्त गर्न यथाशिघ्र कार्डबाट पूर्बभुक्तानी गरि समानहरु खरिद गर्नु पर्नेछ ।

उक्त सम्झौता पत्रमा बैंकको तर्फबाट सहायक महाप्रबन्धक विजय मान नकर्मी र दराजको पेमेन्ट र पार्टनरसिप प्रमुख अरुण फुयाँलले हस्ताक्षर गरेका छन् ।


## कर्जा बुझाउने वारे कृषि विकास बैंक लि., शाखा कार्यालय, मिर्चैयाको २१ दिने सुचना

तपशिल बमोजिमका कर्जा ग्राहकहरुले तमसूकमा लेखिऐको शर्त पालना नगरी सम्वन्धीत कार्यालयबाट विभिन्न समयमा तर ताकेदा गर्दा पनि समयमा बुझाउनुपर्ने साँवा र व्याज समेत नबुझाई शर्त उलँघन गरेकोले निज संग लिनुपर्ने २०७९ कार्तीक २० गते सम्मको सम्पुर्ण लेना रकम असुल हुनेगरी तपाईको धितो परियोजना बैंक तथा वित्तय संस्थाऐन २०६३ तथा बैंकको कर्जा असुली कार्यविधि २०७७ परिछेद ३ को दफा ७ को (क) एंव अन्य प्रचलीत कार्य विधि अनुसार बैंकको नियमा अनुसार २१ दिने सुचना प्रकाशित गरीएको छ। अतः समयमा आफनो कर्जा बुझाउनुहुन अन्यथा बैंक नियमानुसार लिलाम गरिने व्यहोरा समेत जानकारी गराउदछौ ।

| क्र. सं. | नाम | ग्राहक नम्वर | मिसिल नं. | ठेगाना | बुवा/पति | बाजे/ससुरा | उद्देश्य | सावा रकम | व्याज रकम २०७९/०७/२० सम्मको | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | राम एकवाल महतो | ६४१८१४ | ५९२३ | कल्याणपुर ६ | बासदेब | सुवालाल | कृषि ब्यबसाय | १५०००० | १५००० | १६५००० |
| २ | हरि ओम जेनरल स्टोर प्रो.सत्यनारायण यादब | ६४१९२० | ५९३२ | नरहा १ | अनिरुद्ध | दरबारी | ब्यापार | ४६५०००० | ३११७०३ | ४९६१७०३ |
| ३ | चन्द्र कुमारी देवी तेली | ६४१९२८ | ५३३६ | कल्याण्पुर जब्दी ४ | राम बाबु साह | ससुरा : सुन्दर साह | ब्यापार | १०००००० | ५९२०० | १०५९२०० |
| ४ | दिप नारायण माहासेठ | ६४२१४१ | ४११५ | रामपुरबिर्ता ९ | प्रमेश्वर | जिनिस | ब्यापार | ९१७१२० | ४०२०० | ९५७३२० |
| ५ | रौदी कुमर दनुवार | ६४२१९६ | ७४५८ | बडहरामाल ०१ | बौका कुमर | हचरु कुमर | सरल कृषि कर्जा | १५०००० | २२००३ | १७२००३ |
| ६ | सुर्य दिप महतो | ६४२३३२ | ५७५४ | कर्जन्हा १ | गणेश | पुजाई | घरायसी | ६५०००० | ६०५०० | ७१०५०० |
| ७ | श्री माहाबीर अटोमोवाईल प्रो.दिलिप कुमार साह | ६४२५९२ | ७७१९ | मिर्चैया ४ | माहावीर | मखन | ब्यापार | ४०००००० | ३४६००० | ४३४६००० |
| ८ | अबिष्कार टेडर्स प्रो.उदय नारायण यादब | ६४२६६३ | ७७६६ | नरहा ९ | ब्रहमदेव | कपलेश्वर | ब्यापार | २४००००० | २४०००० | २६४०००० |
| ९ | पुर्नीमा पान पसल प्रो.श्रीनारायण साह | ६४२७२४ | ७८२२ | कर्जन्हा २ | सिताराम | सुवाई | ब्यापार | ५००००० | २६००० | ५२६००० |
| १० | सुकदेव ठाकुर | ६४२८०६ | ७८८५ | मिर्चैया ११ | सगम बडही | मुखी ठाकुर | कृषि ब्यबसाय | १०००००० | ८३२०० | १०८३२०० |
| ११ | लक्ष्मी कुमारी यादव | ६४२८०७ | ७८८६ | डुमरी ७ | पती : हृदय यादव | ससुरा : राम खेलावन | सरल कृषि कर्जा | ३५०००० | ४३८०० | ३९३८०० |
| १२ | राज बती कुमारी देवी | ६४२८४३ | ७९१८ | ग महेशपुर ९ | पती : राज किशोर | ससुरा : नन्दु | घरायसी कर्जा | ५००००० | ५७००० | ५५७००० |
| १३ | अमृत सः मिल प्रो.श्याम कुमार राय | ६४२८५० | ७९१९ | फुलबरीया ६ | कैलास राय | जिवन राय | कृषि उत्पादन | २९००००० | १५०००० | ३०५०००० |
| १४ | नेवी सहयोगी यादब | ६४२८७२ | ० | रामनगर ८ | बिलट | रामलाल | घरायसी कर्जा | २००००० | २११०० | २२११०० |
| १५ | कोशिला धुरझार | ११३६५६६ | ८०४५ | मिरचैया ०३ | पती : बिशेश्वर | ससुरा : रामरुप | सरल कृषि कर्जा | ४९८१६२ | २९५०३ | ५२७६६५ |
| १६ | लक्ष्मी टेडर्स एण्ड सपलायर्स प्रो.संदिप कुमार यादब | ११५५७८६ | ८०६५ | डुमरी ६ | राम प्रताप यादब | जगदेब | ब्यापार कर्जा | ३०००००० | २१५१०० | ३२१५१०० |
| १७ | शुभ लक्ष्मी खरिद बिक्रि प्रो.हरि नारायण यादब | १५४७३४५ | ७७२८ | नरहा ५ | राम नन्दन | बिर्जु | ब्यापार कर्जा | ९४०००० | ५८००० | ९९८००० |
| १८ | सत्य नारायण ठाकुर बडही | १६६६८८३ | ८१४३ | कर्जन्हा ८ | दुखी | गणेश | सरल कृषि कर्जा | ५००००० | ३११०० | ५३११०० |
| १९ | अनिस साह | १६८२५७६ | ८१४५ | चन्द्र अयोध्यापुर ४ | गफार साह | हमीद साह | सरल कृषि कर्जा | ७००००० | ३६००० | ७३६००० |
| २० | रिता कुमारी थारु | १७३९३४५ | ८१७९ | कल्याणपुर ८ | पति : शिब शंकर चौधरी | ससुरा : असर्फी | सरल कृषि कर्जा | ९९०००० | ६४००० | १०५४००० |
| | | | | जम्मा | | | | २५९९५२८२ | १९०९४०९ | २७९०४६९१ |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय, जनकपुर



**सुरक्षाका लागि खटिएका प्रहरी**: सप्तरीको छिन्नमस्ता गाउँपालिका- ६ खुदीबखारीस्थित आउदो मङ्सिर ४ गते हुने आमनिर्वाचनमा सुरक्षाका लागि खटिएका म्यादी प्रहरी र नेपाल प्रहरी ।

*तस्बिर :अरुणकुमार यादव*

# आचारसंहिता विपरीत सामग्री हटाइयो

**टुडे समाचारदाता**

राजविराज।विभिन्नराजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारले निर्वाचन आचारसंहिता विपरीत नगर क्षेत्रमा प्रयोग गरेको प्रचार सामग्री स्थानीय प्रशासनको पहलमा हटाइएको छ ।



बुधबार प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको नेतृत्वमा सुरक्षाकर्मीसहितको टोलीले नगर क्षेत्रको सार्वजनिक स्थलहरुमा आचारसंहिता विपरीत झुण्ड्याइएको विभिन्न उम्मेदवारको तुल, ब्यानर, पोष्टर, झण्डालगायतका प्रचार सामग्री हटाइएको छ । निर्वाचन आचारसंहिता पालना गराउने क्रममा यसअघि पटक पटक बसेको सर्वदलीय बैठकमा विभिन्न राजनीतिक दलका उम्मेदवार र पार्टी प्रतनिधिले आचारसंहिता विपरीत सार्वजनिक स्थलमा राखिएका प्रचार सामग्री आफ्ैले हटाउने प्रतिबद्धता जनाए पनि सोको पालना नगरेकाले सुरक्षाकर्मीको प्रयोग गरी त्यस्ता सामग्रीहरु हटाइएको प्रमुख जिल्ला अधिकारी थापाले बताए ।

यहाँ आचारसंहिता विपरीत बजार क्षेत्रमा प्रचार सामग्री प्रयोग गर्ने काम सबैजसो पार्टीले गरेका छन् । यस्ता गतिविधि रोक्न सम्बन्धित दल र उम्मेदवारलाई सचेत गराउँदा पनि बेवास्ता गरेको पाइएकाले सुरक्षाकर्मीको प्रयोग गरी त्यस्ता सामग्री हटाइएको उनले जानकारी दिए ।

'दलहरुले आचारसंहिता पूर्ण पालना गर्ने भनेर प्रतिबद्धता जनाएका छन्, उनले भने, तर पालना गरेको पाइएन् ।'

निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन, सबै राजनीतिक दलले आचारसंहिताको पूर्ण पालना गर्नुपर्ने जिल्ला निर्वाचन कार्यालय सप्तरीले सबैसँग अपिल गरेका छन् ।

# चुनाव प्रचारमा भारतीय गाडीको प्रयोग

**ओम प्रकाश यादव**

रौतहट । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मिति नजिकिदै जाँदा उम्मेदवारहरु चुनावी प्रचार प्रसारमा व्यस्त छन् ।



निर्वाचन आचारसंहिता अनुसार आयोगले राजनीतिक दल, उम्मेदवार तथा दलको भातृ संगठनलाई सवारी साधन प्रयोगमा मापदण्ड निर्धारण गरेको छ ।

आचारसंहिता अनुसार उम्मेदवार तथा राजनीतिक दलले निर्वाचन प्रचार-प्रसारका लागि प्रयोग हुने गाडीको संख्यासमेत निर्धारण गरेको छ ।

यसरी प्रचार प्रसारका लागि प्रयोग हुने गाडीबारे निर्वाचन अधिकृतको अनुमति लिनुपर्ने व्यवस्था आचार संहिताले गरेको छ ।

निर्वाचन अधिकृतको अनुमति लिइ उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा बढीमा दुई वटा दुई पाङ्गे वा तीन पाङ्गे वा चार पाङ्गे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन मात्र प्रयोग गर्न पाउने निर्वाचन आचारसंहितामा उल्लेख छ ।

त्यस्तै, निर्वाचन आयोगले उम्मेदवारहरुलाई प्रचारप्रसारमा भारतीय गाडी प्रयोग गर्न प्रतिबन्ध लगाएको छ तर मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको प्रचारप्रसारमा रौतहटमा भारतीय नम्बर प्लेटका सवारी साधनको व्यापक प्रयोग भइरहेको पाइएको छ ।

निर्वाचनको प्रचारमा आचारसंहिता विपरीत भारतीय गाडीको प्रयोग बढेको छ । यहाँका सबैजसो प्रतिनिधि तथा प्रदेशसभा सदस्यका उम्मेदवारहरुले आफ्नो निर्वाचनको प्रचारमा नेपाली भन्दा १० देखि १५ वटासम्म भारतीय नम्बर प्लेटका सवारी साधन प्रयोग गरेको देखिएको छ । नेपाली नम्बर प्लेटका गाडीको तुलनामा भारतीय नम्बर प्लेटका गाडी भाडामा सस्तोमा पाइने भएका कारण चुनावी प्रचारमा उम्मेदवारहरुले भारतीय नम्बर प्लेटका सवारी साधन बढी प्रयोग बताइन्छ ।

जिल्लामा रहेको चार वटै निर्वाचन क्षेत्रका संघीय र प्रदेश सांसदका उम्मेदवारहरु प्रचारप्रसारमा झण्डा र पोष्टर हरुसंगै भारतीय नम्बर प्लेटका गाडीमा सवार देखिन्छन् ।

निर्वाचन आयोगले भारतीय नम्बर प्लेटका सवारी साधन प्रयोगमा रोक लगाएको छ तर जिल्लाका सबैजसो उम्मेदवारहरु निर्वाध रुपमा भारतीय नम्बर प्लेटका सवारी साधन प्रयोग गरिरहेका छन् ।

त्यसैगरी, स्वतन्त्र उम्मेदवारले पनि आफ्नो चुनाव चिह्न अंकित झण्डा लगाएर भारतीय नम्बर प्लेटका गाडी प्रयोग गरिरहेका छन् ।

नेपाली नम्बर प्लेटको गाडी पाउनै समस्या भएपछि भारतीय नम्बर प्लेट प्रयोग गर्न बाध्य भएको प्रदेशसभा सदस्यका एक उम्मेदवारले बताए ।

भारतीय नम्बर प्लेटका गाडी भन्सार कटाएर भाडामा प्रयोग गर्दा सस्तो पर्ने हुनाले पनि बढी प्रयोगमा ल्याइएको उम्मेदवारको भनाइ छ । यता, नेपालको चुनावमा भारतीय गाडीको प्रयोग बढेपछि सीमापारीका गाडी धनीहरु मलामाल भएका छन् ।

राजनीतिक दलहरुले आ-आफ्नो शक्ति प्रदर्शनका लागि समेत यस्ता गतिविधि सञ्चालन गर्ने गरेका छन् । प्रचारमा प्रयोग भएको भारतीय गाडीको चापले यतिखेर जिल्लाको ठाउँ ठाउँमा ट्राफिक जामको समस्या समेत दैनिक हुन थालेको छ ।

गाडीमा डिजे, साउन्डबक्स राखेर चर्को साउन्डमा गीत बजाउँदै उम्मेदवारले प्रचारप्रसार गरे पनि आयोगको तर्फबाट कुनै अनुगमन भएको छैन् ।

# निर्वाचन सामग्री वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको मधेश प्रदेश निर्वाचन परिचालन समितिले उम्मेदवारहरुलाई निर्वाचन सामग्री वितरण सुरु गरेका छन् ।



प्रदेश उपसभापति चन्द्रशेखर कुमार यादवको संयोजकत्वमा गठित उक्त समितिले प्रतिनिधिसभाका ३२ र प्रदेशसभाका ६४ वटै निर्वाचन क्षेत्रमा पुगेर निर्वाचन सामग्री वित्तरण गरिने कार्यक्रम रहेको छ । बुधबार समितिले कांग्रेसका सह-महामन्त्री तथा धनुषा क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार महेन्द्र यादव,धनुषा-२ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार रामकृष्ण यादव तथा धनुषा क्षेत्र नं ३ (क) बाट प्रदेशसभा उम्मेदवार रामसरोज यादवसँग भेटघाट गरी प्रचार सामग्री हस्तान्तरण गरेका छन् ।

समितिका पदाधिकारीहरुले उम्मेदवारहरुसँग भेटघाट गरी पार्टीको झण्डा तथा दोसल्ला ओढाएर सम्मान तथा कांग्रेसको मधेश कार्यसमितिले ल्याएको घोषणापत्र हस्तान्तरण गर्दै जितको शुभकामना दिने गरेका छन् । परिचालन समितिको यी अभियानले मधेशमा कांग्रेसका उम्मेदवारहरुको मनोबल थप बढ्ने र उम्मेदवार र पार्टीको संरचनाको अन्तरसम्बन्ध स्थापित गर्न सहयोग हुने विश्वास रहेको समिति संयोजक यादवले बताए । यो अभियानले पार्टीको उम्मेदवारका साथै पार्टीका समानुपातिक मत बढाउन समेत टेवा पुग्ने उनको भनाइ छ । उक्त प्रतिनिधिमण्डलमा संयोजक यादव, कांग्रेस मधेश प्रदेश प्रचार प्रसार विभागका प्रमुख निकेशकुमार गुप्ता तथा समितिका सदस्यहरु ममता महतो, आनन्द शर्मा लगायत छन् ।

मधेश प्रदेशमा नेपाली कांग्रेसबाट प्रतिनिधिसभातर्फ ३२ मध्ये १९ र प्रदेशसभाको ६४ मध्ये २६ सिटमा उम्मेदवार रहेका छन् ।

# कार्यालय उद्घाटन

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नम्बर ३ का स्वतन्त्र उम्मेदवार उमेश साहले प्रचारप्रसार कार्यालय उद्घाटन गरेका छन् ।




बुधबार राम चोकस्थित चुनाव प्रचारप्रसार समितिको कार्यालय उद्घाटन गरेका हुन । साहले शान्ति र स्वतन्त्रताको प्रतीक परेवा उडाएर कार्यालय उद्घाटन गरेका थिए ।

कार्यक्रममा उनले न्याय गर्न सक्ने व्यक्तिको पक्षमा मतदान गर्न आग्रह गरे । दलीय र जातीय राजनीतिले जनता अन्यायमा परेको भन्दै उनले योग्य उम्मेदवारको विषयमा मनन गरी मतदान गर्न आग्रह गरेका थिए ।

जानकीको भूमि जनकपुरधाममा नेता जन्मिए पनि राजनेता जन्माउन नसकिएको उनको जिकिर छ । दीपावलीको अवसरमा भारतमा गएर यहाँको नेता दीप प्रज्जवलन गरेको र जानकी मन्दिर अन्ध्यारो हुँदा एक शब्द बोल्न नसक्ने नेताको पक्षमा मतदातालाई नलाग्न उनले आग्रह गरे । स्वतन्त्र उम्मेदवार साह नेपाल पत्रकार महासंघका पूर्व अध्यक्षसमेत हुन् । मिथिला नाट्य कला परिषद्का सल्लाहकार पनि हुन् । जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष तथा उम्मेदवार साहको दाइ रमेश साहले जनकपुरधामको विकासमा आफ्नो परिवारको योगदान बारे सुनाएका थिए ।

रामसागर राम स्वरुप बहुमुखी क्याम्पस निर्माणको बेला आफ्नो परिवारले एकल ईटा दान दिएको र जनकपुर विमान स्थल निर्माणमा पनि उल्लेख्य भूमिका खेलेको उनको दाबी छ । धनुषा निर्वाचन क्षेत्रमा प्रतिनिधिसभातर्फ ३१ जना उम्मेदवार प्रतिस्पर्धामा छन् ।

# 'सही उम्मेदवारलाई चयन गर्नुपर्छ'

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रदीप यादवले आफनो मात्र नभइ आफ्ना सन्तति र भविष्यका पुस्ताका लागि सही उम्मेदवार चयन गर्न मतदातालाई आह्वान गरेका छन् । वीरगञ्ज महानगरपालिका वडा नम्बर ३२ मा बुधबार आयोजित चुनावीसभामा जसपा-एमाले गठबन्धनका उम्मेदवार यादवले भने, 'तपाईको एउटा मत गलत व्याक्तिलाई जाँदा तपाईले मात्रै होइन तपाईका सन्तति पनि दुःख पाउँछन्, त्यसका कारण सही उम्मेदवारलाई चयन गर्नुहोला ।'




उनी आफू जसपा-एमाले गठबन्धनको साझा उम्मेदवार भएको बताउँदै भने, 'प्रदीप यादवको जित जसपा र एमाले दुबैको जित हो , प्रदेशसभा सदस्यमा विचारी यादवको जित पनि दुबै पार्टीका कार्यकर्ताको जित हो ।'

पर्सा-१ मा यसअघि चुनाव जितेर सांसद् बनेकाहरुले यो क्षेत्रको विकास र जनताका लागि ठोस र नमूना काम केही पनि नगरेको दृष्टान्त दिँदै यादवले भने, '२०७४ को चुनावमा जनताकै आशीवार्दले मैले चुनाव जिते, यादवले जनताको शिर कहिल्यै पनि झुक्न दिएन र आगामी दिनमा पनि झुक्न दिने छैन ।'

तर २०७४ भन्दा पहिले यस क्षेत्रमा जितेका सांसदहरुले के गरे ? सांसदको पाँच वर्षे कार्यकाल कसरी बिताए ? यो सब जनतालाई थाहा नै भएको उनले बताए ।

उत्पादन बढाऔं र मितव्ययी बनौं ।

- स्थानीय श्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं ।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं ।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रदेश नं. १ सरकारद्वारा सञ्चालित विश्वविद्यालय
MANMOHAN TECHNICAL UNIVERSITY
SCHOOL OF ENGINEERING
ADMISSION OPEN !!
for
BACHELOR IN ENGINEERING
- B.E. Civil
- B.E. Electrical & Electronics
(Approved by Nepal Engineering Council)
जेहेन्दार छात्रवृत्ति, सहुलियत शुल्क छात्रवृत्ति तथा आवश्यकतामा आधारित छात्रवृत्तिहरु उपलब्ध छन् ।
FULL-FEE for 4 years:
(for academic year 2079/80 BS)
B.E. Civil: Rs. 5,85,000/-
B.E. Electrical & Electronics: Rs. 5,75,000/-
Refundable Deposit: Rs. 10,000/-
Manmohan Technical University Engineering Entrance Test (MEET)
Computer Based Test (CBT)
Form is available ONLINE
थप गरिएको फारम भर्ने म्याद:
Normal Form Fee: Rs. 1800/- Up to: 2079-07-30 (16 Nov 2022)
Late Form Fee: Rs. 2500/- Up to: 2079-08-09 (25 Nov 2022)
Manmohan Technical University
Budhiganga-4, Morang, Province 1, Nepal
www.mtu.edu.np
www.soe.mtu.edu.np
info.soe@mtu.edu.np
021-590691, 021-571182

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८